Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ४, २०७९ साल साउन ३१ गते मंगलबार (Aug 16, 2022) www.janaakash.com.np मूल्य रु १०।-

## हार्दिक बधाइ तथा शुभकामना

जनआकाश साप्ताहिकले आफ्नो प्रकाशनको १४ औं वर्ष पूरा गरी १५ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा निरन्तर प्रकाशनको बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।



ज्ञानेन्द्र बहादुर कार्की

मन्त्री

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# फोहोरको गन्धले महामारी निम्त्याउन सक्ने !

**मोहन कार्की**

काठमाडौं महानगरभित्रका फोहोर यतिबेला गन्हाएर बसिसक्नु छैन । मानिसहरु मुख थुनेर कार्यालय आउने जाने र किनमेल गर्न बजार निस्कने गरेका छन् । मानिसहरुले मुख, नाक छोपेर हिडेको देखिन्छ भने कतिपय फाहोर गन्हाएर बान्ता गर्दै गरेको पनि देखिन्छ । दिनानु दिन बढ्दै गएको फोहोरवाट निक्सकने किटानुहरुले मानिसहरुलाई अनेक खालका रोगहरु लाग्ने चिकित्सकहरुले बताउने गरेका छन् ।

चिकित्सकहरुले भनेका छन्, “सडकमा थुपारिएका फोहोरबाट निस्कने किटाणुहरु प्राकृतिक हावामा मिसिने र त्यस बहने हावा मानिसहरुले स्वास प्रस्वासवाट लिने भएको हुदा त्यही दुषिण किटाणु स्वास प्रस्वासमा गएर मानिसका भित्री अङगहरुमा पुगेर आक्रमण गर्ने र अनेक खालका रोगहरु लाग्ने” चिकित्सकहरुको भनाइ रहेको छ ।

चिकित्सकहरुले भनेको जस्तैगरी काठमाडौ महानगरपालिका जहाँ फोहोर थुपारिएका क्षेत्र आसपासमा झाडा पखलाका बिरामी बढिरेका छन् । यो संख्या बढ्दै जाने क्रम रोकिएको छैन । अस्पतालहरुमा यतिवेला रुघाखोकी, झाडापखलाका बिरमीको चाम अत्याधिक बढिरेका छन् । यसले हैजाको



रुप नलेला भन्न सकिदैन । त्यसैले काठमाडौ शहर नरकमा परिणत हुदै गएको छ ।

फोहोरको व्यवस्थापन काठमाडौ महानगरपालिकाको दायित्व हो । तर स्थानीय निर्वाचन हुनुभन्दा केही समय अगाडीदेखि काठमाडौ महानगर पालिकामा फोहोर थुप्रिन थालेको थियो । काठमाडौ महानगरपालिकामा स्वतन्त्र उम्मेद्धार बालेन्द्र शाहले मेयर पदमा विजयी हासिल गरेका छन् । जनताले स्वतन्त्र उम्मेद्धारबाट काठमाडौ महानगर पालिकामा फोहोर व्यवस्थापन, खानेपानी, ढलको समस्या होला भन्ने मात्र आशा गरेका थिए । बालेन्द्र अर्थात बालेनले पनि सोही कुरा चुनावताका भनेका थिए । तर उनले निर्वाचनमा बोलेका कुराहरु लागु गर्न सकेका छैनन् । फोहोर फाल्दै आएको ठाउँका स्थानीयले फोहोर फाल्न दिएका छैनन् ।

काठमाडौ उपत्यकामा उत्पादन भएका फोहोरहरु धादिङ र नुवाकोट जिल्लाका सिसडोल र बन्चरे डाडामा व्यवस्थापन गर्दै आएका थिए । तर त्यहाका स्थानीयले विरोध गरेका कारण ४ महिनादेखि फोहोर व्यवस्थापन हुन सकेको छैन ।

गएको हप्ता मात्रै पनि फोहोर व्यवस्थापनको लागि महानगरपालिकाको रोलर, ट्रक त्यहाका स्थानीयले राति तोडफाड गरेका छन् । यसबाट पनि त्यहाका स्थानीयले फोहोर व्यवस्थापनमा सहयोग नगर्ने संकेत गरिरहेका छन् ।

यस्तै अवस्था बढ्दै जाने हो भने काठमाडौ महानगरपालिकाको फोहोरको गन्धवाट निस्कने किटाणुले काठमाडौ महानगरपालिकामा बसोबास गर्ने मानिसहरुमा माहामारी तिम्तने खतरा बढेर गएको छ ।

यता पर्टी सम्बन्धित निकायको ध्यान जानुपर्छ । राज्यका अन्य निकायले पनि सहजिकरण नगर्ने हो भने काठमाडौ महानगरपालिकाको फोहोरवाट निम्तन सक्ने खतरा थप भयाबह हुनसक्ने सम्भावना बढी छ । बाँकी ६ पृष्ठमा

# नेपाल र चीनको सम्बन्ध सुधार हुनुपर्छ

नेपाल र चीनको दौत्य इतिहास सन् १९५५ अगस्ट १ मा औपचारिक कूटनीतिक सम्बन्ध भएको हो । त्यस वर्षलाई आधार मान्दा ६७ वर्ष भईसकेको छ ।

त्यतिमात्र होइन छिमेकीको सम्बन्ध चीनसँग नेपालको युगौयुग देखि रहेको पाइन्छ । अभिलेख राख्ने र हस्तक्षर गर्ने चलन पछि आएको हुनाले मात्र



सन १९५५ मा भएको हो भन्ने भनाई इतिहास पढेका र बुझेका विज्ञहरुको रहेको छ ।

अर्को नेपालका हिमाली क्षेत्रका र चीनका स्वसाशित क्षेत्र तिब्बतका हिमाली क्षेत्रका नागरिकहरु त अहिले पनि एक अर्काको भुमिमा सीमा वारपार गरेर सँगसँगै चौरी र भेडा बाख्राहरु चराउछन् यस खालको भौगोलिक समानता र मानवीय एकता पनि छ । चीन र नेपाल एक अर्काको देशप्रति कहिल्यै नकरात्मक सोच राख्दैनन् । त्यसैले चीन र नेपालको कुनै अहिलेसम्म समस्या छैन । कहिलेकाही यदाकदा समस्या आएमा तत्कालै दुवै पक्षले सत्यतथ्य हेरर सावधान गर्दै आएका छन् । बाँकी ६ पृष्ठमा

# जनआकाश साप्तहिक २०७९ मा सम्मानित हुने व्यक्तिहरुको नामावली

१.सुवास गजुरेलज्यू विशिष्ट कलाकार
२.उत्तम के.सी. नेपालज्यू विशिष्ट कलाकार
३.सुनिल बस्नेतज्यू लेखा परिक्षक नेपाल सरकार जनआकाश राष्ट्रिय जनसेवा सम्मान २०७९
४.तिलक प्रसाद लुईटेल लेखक “जनआकाश वरिष्ठ अनुवादक तथा अन्वेषक”सम्मान २०७९
५.मीन कुमार मोक्तान कार्यकारी निर्देशक मनास्लु कलेज: जनआकाश शिक्षा सम्मान २०७९
६.सुदेश खालिङ प्रमुख कार्यकारी अधिकृत एभरेष्ट बैक “जनआकाश बैंकिङ” सम्मान २०७९
७.बिनोद नेपाल कवि एवम् साहित्यकार “कवि एवम् साहित्यकार” सम्मान २०७९
८ नेपाल भुषण न्यौपाने: बरिष्ठ पत्रकारिता सम्मान २०७९
९ शिव शंखर रिजाल (जोगिन्दर) चर्चित हास्य कलाकार “जनआकाश चर्चित हास्यव्यागय” सम्मान २०७९
१० शिशिर जिसी: “युवा वैज्ञानिक/ बाँकी ६ पृष्ठमा






'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# हामी आजबाट १५ औं वर्षमा

पत्रकारिताको आरोह शुरु गर्न आजकै दिन हामीले जनआकाश पत्रिकाको स्थापना गरेका थियौं, जतिबेला देशमा लामो १० वर्षे जनयुद्ध स्थगन भएर शान्ति प्रक्रियामा माओवादी जनयुद्ध आएको थियो । त्यसै समयमा देशमा के हुने हो भन्ने खालका अन्यौलताहरु थिए । तिनै अन्यौलता र सत्य, तथ्यहरु समाजमा समयमा उजागर हुन सकेन भने देशमा अनर्थ हुनसक्ने सम्भावन प्रबल थियो । त्यस्ता अनर्थ हुन नदिन सञ्चारकर्मीहरुको महत्वपूर्ण भूमिका रहनु पऱ्यो त्यस्तो भूमिका ठुला स्केलमा प्रकाशित हुने सञ्चार गृहहरुको देखिएन । त्यसपछि समयमा सहि र नेतृत्वदायी भूमिकामा रहन नसके पनि सानै भए पनि सञ्चारगृहको स्थापना गरी सम्बन्धित निकायहरुलाई सही र सत्य सूचना दिनसक्छौं ति हामीले दिने सत्य सूचनाले राष्ट्रिय स्वतन्त्र र राष्ट्रिय अखण्डताको रक्षाको निमित महत्वपूर्ण भुमिका हुनसक्छ भन्ने उद्देश्यले जनआकाश साप्ताहिकको प्रकाशन शुरु गरेका थियौं ।

त्यही उद्देश्य बमोजिम जनआकाश साप्ताहिकले राष्ट्रिय हित र राष्ट्रिय एकताको पक्षमा खेलेको भूमिकाले आजका दिनसम्म आइपुग्दा अझै नेपालीहरुको एकता दरिलो बनेको छ । यस्तो दरिलो नेपाली समाज देख्न पाउदा जनआकाश टिम गर्व गर्छ । यस्तै राष्ट्रिय एकता धार्मिका सहिष्णुता नेपालको सर्वभौम स्वतन्त्रताको लागि सधैं नेपाल देशका नागरिकहरु एक हुन्छन् भन्ने विश्वास हामीलाई छ ।

देशको प्राकृतिक सुन्दरता जतिक्कै विकासका सोचहरु पनि सुन्दर राखेर नेपालले काम गर्नुपर्ने थियो । जसमा उद्योग, कलकारखान, नेपालमा नै खोलेर सबैलाई रोजगार दिन सक्नुपर्दथ्यो । ति विषयहरु प्राथमिकतामा पर्न सकेका छैनन् । त्यसका असरहरु देशका युवापुस्ताको विदेश पलायनले देखाएको छ । यी चुनौतीको सामना गर्न, समस्याको सावधान खोज्न, उत्तम विकल्पको लागि जनआकाश मिडियाको प्रयासमा स्वदेशी उत्पादनको प्रयोग, स्वदेशी उद्योगहरुको खोल्न प्रोत्साहन, खुलेका स्वदेशी उद्योगलाई गर्ने प्रोत्साहन उद्देश्यले जनआकाशले सञ्चारको भूमिकामा प्रचारप्रसार गरी सहयोग गर्ने गरेको छ ।

यिनै जनआकाश साप्ताहिकले प्रचारमा ल्याएका समाग्री मन पराएर जनआकाशको सबै नपालीलाई जोड्ने अभियाँनमा धेरैजति नागरिकहरुले साथ दिएकै कारण हाम्रो जनआकाशको प्रीन्टको अर्को संस्करण जनआकाश डटकम, डिजिटलमा समेत विकास गर्न सफल भएका छौ ।

यो सफलता जनआकाश पत्रिका प्रकाशन गर्ने प्रकाशक/सम्पादकको वा जनआकाश टिमको मात्र नभएर समग्र नेपाल देश र नेपाली जनताको सफलता मानेका छौं । यो सफलतामा पुऱ्याउन आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुहुने सबै मानुभावहरुप्रति जनआकाश टिम हार्दिक कृतज्ञता ब्यक्त गर्दछौं ।

यसैगरी हामीले जनआकाश साप्ताहिकलाई मिडिया कम्पनीको रुपमा विकास गरीसक्केका छौं । यसलाई राष्ट्रियस्तरको साप्ताहिक बनाउन पनि सफल भईसकेका छौं । अझै अन्तराष्ट्रियस्तरमा अन्तराष्ट्रिय अनुभवहरु लिदैं नेपालले दिनसक्ने सही र सूचनाको प्रणली लागु गर्ने तयारीमा हामी छौं । त्यो नयाँ प्रयोगमा ल्याउन लागेको प्रणलीलाई परिक्षण गरी सफलतामा परिणत गरेर राष्ट्रलाई हामीले प्रयोग गरेको प्रणली काम लागोस भन्ने सोच बनाएका छौं ।

यस्ता महत्वपूर्ण सोचहरु बोकेर हामी १५ औं बर्षमा प्रवेश गरेका छौं । यस्ता महत्वपूर्ण सोचहरु सफल बनाउन समाजको पनि उत्तिकै साथ चाहिन्छ । त्यो विगतको जस्तै हामीलाई सबै क्षेत्रको साथ रहने विश्वास गरेका छौं ।

# मतदाता शिक्षाको सान्दर्भिकता

धनसुदन चौलागाई

आधुनिक राज्य व्यवस्थामा नागरिकले आफ्ना प्रतिनिधिमार्फत राज्य सञ्चालनमा आफ्नो सहभागिता जनाउँछन्, राज्य व्यवस्थामाथि आफ्नो नियन्त्रण र अपनत्व कायम पनि गर्दछन् । नागरिकले राज्य सञ्चालनको जिम्मेवारी सुम्पने र यसउपर नियन्त्रण गर्ने एक मात्र माध्यम निर्वाचन हो । यस्तो गुरुत्तर दायित्व निर्वाह गर्ने सार्वभौम नागरिकका प्रतिनिधि छान्न आवधिक रूपमा राज्यको संरचनाअनुसार विभिन्न तहमा निर्वाचन गर्ने गरिन्छ । आधुनिक समयमा सबैभन्दा उत्तम मानिएको लोकतन्त्रका लागि त निर्वाचन पूर्वसर्त मात्र नभई आधारभूत लोकतान्त्रिक मूल्य र मान्यतामध्ये प्रमुख एक हो । जहाँ आवधिक रूपमा निर्वाचन हुँदैन, त्यहाँको राज्यमा नागरिक सहभागिता छैन भन्न सकिन्छ । नागरिक सहभागिता नभएको शासन प्रणाली निरंकुश हुन्छ र राज्यको वैधता हुँदैन । जसले नागरिकप्रति उत्तरदायी भएर काम गर्न सक्दैन र गर्दैन । यसर्थ शासनमा नागरिक सहभागिता र राज्यमाथि नियन्त्रण गरी नागरिकप्रति जवाफदेही शासनका लागि लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गरेका प्रायः हरेक मुलुकको संविधानमा नै निर्वाचनसम्बन्धी व्यवस्था र यसको सञ्चालनका लागि निर्वाचन आयोगको व्यवस्था गरिएको हुन्छ ।

नेपालको संविधानले वालिग मताधिकार र आवधिक निर्वाचनलाई आधारभूत लोकतान्त्रिक मूल्य र मान्यताका रूपमा प्रस्तावनामै उल्लेख गर्दै संघीय संसद्को प्रतिनिधिसभा र प्रदेशसभा सदस्य मिश्रित निर्वाचन प्रणाली र स्थानीय तहका पदाधिकारीको निर्वाचन पहिलो हुने निर्वाचित हुने प्रणालीअनुसार हुनेगरी निर्वाचन प्रक्रिया र निर्वाचन सम्पन्न गर्ने कार्यका लागि निर्वाचन आयोगको व्यवस्था गरेको छ । जसअनुसार निर्वाचन आयोगले संविधान र कानुनको व्यवस्थाबमोजिम निर्वाचन पनि गराउँदै आएको छ ।

नागरिकले आफूमा निहित सार्वभौमसत्ता आफ्नो कल्याण र हितका लागि आफ्ना प्रतिनिधिलाई प्रत्यायोजन गर्ने अत्यन्तै महत्वपूर्ण र संवेदनशील प्रक्रिया निर्वाचन हो । निर्वाचनका लागि जस्तोसुकै संवैधानिक, कानुनी र संस्थागत व्यवस्था गरिए तापनि निर्वाचनको महत्व, यसको आवश्यकता र आफूले निर्वाह गर्नुपर्ने भूमिका, आफूले रोजेको उम्मेदवार वा राजनीतिक दललाई स्वतन्त्र र निर्भिक रूपमा मतदान गर्ने कार्यमा मतदातालाई सचेत र सक्षम बनाउन सकिएन भने निर्वाचनमा मतदाताको अपेक्षित सहभागिता नहुने, मतदान गर्ने मतदाताले पनि सही ढंगले मतदान गर्न नसक्दा मत बदर हुने, निर्वाचनमा विभिन्न किसिमका अस्वस्थ क्रियाकलाप गरी परिणाम आफ्नो पक्षमा पार्न खोज्नेले प्रश्रय पाउने भई शासन सञ्चालनको बागडोर नै गलत व्यक्तिको हातमा पर्न जाने अवस्था आउन सक्ने भई अन्ततः लोकतन्त्र नै कमजोर हुन जान्छ ।

यसका लागि निर्वाचन हुने मिति, समय र स्थान, सही तरिकाले मत संकेत गर्ने तरिका, मत बदर हुने अवस्था, मतदाताले पालन गर्नुपर्ने आचारसंहिता र मतदाताको जिम्मेवारी, कुन निर्वाचनमा कति उम्मेदवारलाई मत दिन सकिने हो सो र मताधिकार प्रयोग गर्ने सिलसिलामा आउन सक्ने व्यवधान र सो निराकरणका उपाय लगायत विषय समावेश गरी मतदाताको सचेतना अभिवृद्धि गर्न गरिने अभिमुखीकरण नै मतदाता शिक्षा हो । यो नागरिक शिक्षाको एक अभिन्न अंग हो । हाम्रो जस्तो जनसंख्याको एकचौथाइ हिस्सा अझै निरक्षर रहेको र प्रविधिको पहुँच सबै वर्ग र क्षेत्रमा पुगी नसकेको मुलुकमा निर्वाचनमा मतदाताको आधिकाधिक सहभागिता गराउन र बदर मत घटाउन मतदाता शिक्षा अपरिहार्य छ ।

नेपालमा जनप्रतिनिधि चुन्न औपचारिक रूपमा निर्वाचन हुन थालेको साढे ६ दशक भए तापनि मतदाता शिक्षा कार्यक्रम व्यवस्थित र व्यापक रूपमा सञ्चालन हुन थालेको २०६४ सालमा भएको संविधानसभा सदस्य निर्वाचनको बेलादेखि हो । त्यतिबेला प्रत्येक गाविसमा सामुदायिक विद्यालयका दुई जना शिक्षकलाई मतदाता शिक्षा स्वयंसेवकका रूपमा प्रशिक्षण दिई परिचालन गरिएको थियो । यसका साथै रेडियो र टेलिभिजनमा नाटक, विभिन्न डकुमेन्ट्री, पोस्टर पम्पलेट आदि छापा माध्यमबाट समेत मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएका थिए । त्यस पछिका उपनिर्वाचन, संविधान सभाको २०७० मा भएको दोस्रो निर्वाचन, संघीय संरचनाबमोजिम २०७४ सालमा भएको स्थानीय तह निर्वाचन तथा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका समयमा पनि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो ।

> **नेपालमा जनप्रतिनिधि चुन्न औपचारिक रूपमा निर्वाचन हुन थालेको साढे ६ दशक भए तापनि मतदाता शिक्षा कार्यक्रम ब्यवस्थित र ब्यापक रूपमा सञ्चालन हुन थालेको २०६४ सालमा भएको संविधानसभा सदस्य निर्वाचनको बेलादेखि हो । त्यतिबेला प्रत्येक गाविसमा सामुदायिक विद्यालयका दुई जना शिक्षकलाई मतदाता शिक्षा स्वयंसेवकका रूपमा प्रशिक्षण दिई परिचालन गरिएको थियो । यसका साथै रेडियो र टेलिभिजनमा नाटक, विभिन्न डकुमेन्ट्री, पोस्टर पम्पलेट आदि छापा माध्यमबाट समेत मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएका थिए । त्यस पछिका उपनिर्वाचन, संविधान सभाको २०७० मा भएको दोस्रो निर्वाचन, संघीय संरचनाबमोजिम २०७४ सालमा भएको स्थानीय तह निर्वाचन तथा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका समयमा पनि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । यसबाट मतदातामा निर्वाचन दयगत जनचेतना अभिवृद्धि गर्न, निर्वाचनमा मतदाताको सहभागिता वृद्धि गर्न, बदर हुने मत संख्या न्यूनीकरण गर्न प्रत्यक्ष रूपमा र निर्वाचनलाई समग्रमा स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्ने कार्यमा परोक्ष रूपमा मद्दत पुयाएको तथ्य निर्वाचन आयोगबाट बेलाबखत प्रकासित सामग्री, तथ्यांक र प्रतिवेदन आदिले देखाउँछ । यसले मतदाता शिक्षालाई निरन्तर, अझ ब्यापक र प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।**

यसबाट मतदातामा निर्वाचन' दयगत जनचेतना अभिवृद्धि गर्न, निर्वाचनमा मतदाताको सहभागिता वृद्धि गर्न, बदर हुने मत संख्या न्यूनीकरण गर्न प्रत्यक्ष रूपमा र निर्वाचनलाई समग्रमा स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्ने कार्यमा परोक्ष रूपमा मद्दत पुयाएको तथ्य निर्वाचन आयोगबाट बेलाबखत प्रकासित सामग्री, तथ्यांक र प्रतिवेदन आदिले देखाउँछ । यसले मतदाता शिक्षालाई निरन्तर, अझ व्यापक र प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

२०७९ साल वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा निर्वाचन आयोगले विभिन्न विद्युतीय तथा छापा सञ्चार माध्यमबाट मतदाता शिक्षासम्बन्धी विभिन्न सामग्री प्रकाशित एवं प्रसारित गरे तापनि गाउँटोल स्तरमा मतदाताको घरदैलोमा पुग्नेगरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको देखिएन । यसपटकको स्थानीय तह निर्वाचनमा पनि विगतमा झैं मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएको भए मतदाताको सहभागिता अभिवृद्धि र बदर हुने मत न्यूनीकरणमा अवश्य पनि मद्दत पुग्ने थियो । आगामी निर्वाचनमा यसतर्फ आयोगको ध्यान पुग्न आवश्यक छ ।

मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने, यसका लागि आवश्यक विद्युतीय तथा मुद्रित सामग्री तयार गर्ने र मापदण्ड तथा आचारसंहिता निर्माण गर्ने अधिकार एवं जिम्मेवारी निर्वाचन आयोगको हो । तर, मतदाता शिक्षा कार्यक्रमको सञ्चालनका लागि आयोगको मात्र साधन स्रोतले सम्भव हुँदैन । यसका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने संघीय, प्रादेशिक र स्थानीय तहका विभिन्न निकाय र सार्वजनिक संस्थानले आफ्ना त्यस्ता कार्यक्रममा आयोगबाट स्वीकृत सामग्रीलाई समावेश गरी सचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्नुपर्छ । त्यस्तै, सञ्चार माध्यम, सहकारी र निजी क्षेत्रले सामाजिक उत्तरदायित्वअन्तर्गत मतदाता शिक्षाका लागि केही साधन स्रोत जनशक्ति र प्रविधिको उपयोग गर्नुपर्छ । त्यस्तै, नागरिक सशक्तीकरणको कार्यमा संलग्न रहेका गैरसरकारी संघसंस्थाले पनि आआफ्नो कार्य क्षेत्रमा आवश्यक साधन, स्रोत, जनशक्ति र प्रविधिको उपयोग गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालनमा सघाउनुपर्छ ।

त्यस्तै, राजनीतिक दलले आयोगले तयार गरेको मापदण्ड र आचारसंहिताभित्र रही मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्छ । नागरिक समाज र स्वयंसेवी संघसंस्थालाई पनि यसका लागि प्रोत्साहन र योगदानको उचित कदर गर्ने व्यवस्था गरी परिचालन गर्नुपर्छ । टोल विकास संस्था, आमा समूहलगायत सामुदायिक संस्थालाई पनि यसमा परिचालन गर्न सकिन्छ भने माध्यमिक तहमा अध्ययनरत विद्यार्थीलाई मिल्दो विषयमा प्रयोगात्मक कार्यका रूपमा मतदाता शिक्षा सहजकर्ताको रूपमा परिचालन गर्न सकिन्छ । स्थानीय स्तरमा सञ्चालन भएका पुस्तकालय, वाचनालय आदिमा मतदाता शिक्षाका सामग्री उपलब्ध गराई सहज पहुँचको व्यवस्था गर्नुपर्छ । यसका साथै तत्कालीन अनौपचारिक शिक्षा केन्द्रबाट स्थापना भई हाल सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रलाई पनि परिचालन गर्न सकिन्छ । तर, यसरी सामुदायिक र गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने मतदाता शिक्षा कार्यक्रमका लागि निर्वाचन आयोगको प्रभावकारी अनुगमन आवश्यक हुन्छ ।

यसरी मतदाता शिक्षाबाट हुने मतदाता सशक्तीकरणले निर्वाचनमा मतदाताको सहभागिता बढाउने मात्र नभई निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न, राजनीतिक दल र उम्मेदवारलाई उत्तरदायी बनाउन र समग्रमा निर्वाचनको वैधता अभिवृद्धि र लागत कम गराउन मद्दत पुग्दछ । निर्वाचनमा हुने अनुचित प्रभाव र अवाञ्छित गतिविधि न्यूनीकरण गरी निर्वाचनमा मतदाताको व्यापक र सार्थक सहभागिता सुनिश्चित गरेर मुलुकका निर्वाचित संस्थामा नागरिक स्वामित्व एवं अपनत्व स्थापित गर्दै अन्ततः लोकतन्त्रको संस्थागत विकासमा नै महत्वपूर्ण योगदान पुग्न जाने देखिन्छ । राजधानी दैनिक

## सम्पत्तिको ५० प्रतिशत ट्रष्टमार्फत शिक्षा र स्वास्थ्यमा खर्च गर्छु : राज्यमन्त्री श्रेष्ठ

काठमाडौं । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले आफ्नो सम्पत्तिको ५० प्रतिशत ट्रष्ट फाउण्डेशनमार्फत शिक्षा र स्वास्थ्यमा खर्च गर्ने बताएका छन् । भरतपुर आँखा अस्पतालको निरीक्षणपछि आज उनले आफ्नो सम्पत्ति पनि फाउण्डेशनमार्फत सामाजिक क्षेत्रमा खर्च गर्न लागेको उल्लेख गरेको हो ।

जलविद्युत्, शिक्षा, स्वास्थ्य, बैंकिङ, कृषिलगायतका क्षेत्रमा अर्बौं रुपैयाँ लगानी गरेका राज्यमन्त्री श्रेष्ठले भने, ठूला लगानी रोकेर आयको आम्दानीबाट सामाजिक क्षेत्रमा सेवा गर्ने सोच बनाएको छु । नेपालमा शिक्षा क्षेत्रमा परिचित श्रेष्ठको जलविद्युत्मा मात्रै रु ४० अर्बभन्दा बढी लगानी रहेको छ । चार नाफारहित अस्पताल बनाउँदै गरेको सो अवसरमा उनले जानकारी दिए । राज्यमन्त्री श्रेष्ठले भने, अरु ठाउँबाट कमाएर सेवाको भावनाले खोल्नुपर्छ भनेर चार अस्पताल बनाउँदैछु ।

नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित भरतपुर आँखा अस्पतालले जग्गाको लालपुर्जा पाउनुपर्ने भन्दै उनले आवश्यक पहलकदमी गर्ने बताए । उनले भने, अस्पतालले लालपुर्जा पाउनैपर्छ, मन्त्रिपरिषद्बाट निर्णय भइसकेको कुरा किन पाएन ? हाल भरतपुर आँखा अस्पताल रहेको जग्गाको लालपुर्जा भरतपुर अस्पतालका नाममा छ । सफल स्वास्थ्य संस्था र धेरै सेवा दिनेलाई आवश्यक बजेट दिनुपर्ने उल्लेख गर्दै राज्यमन्त्री श्रेष्ठले भने, व्यवस्थापन र स्रोतमा हाम्रा कमीकमजोरी छन् । चितवनका धेरै अस्पतालको स्रोत यहीं जुटाउन सकिन्छ । आफूले चितवनका धेरै अस्पतालको अनुगमन गरेको भन्दै उनले शिक्षा र स्वास्थ्यमा राज्यले लगानी बढाउनुपर्नेमा जोड दिए । राज्यमन्त्री श्रेष्ठले भने, चितवनका अस्पतालमा धेरै गर्न सकिन्छ । यहींबाट स्रोत सिर्जना गर्न सकिन्छ ।

आँखा अस्पतालको निर्माणाधीन भवनका लागि आवश्यक बजेटको स्रोतको खोजी गर्ने राज्यमन्त्री श्रेष्ठले प्रतिबद्धता व्यक्त गरे । उनले भने, सरकारी स्रोत पनि खोजौं, स्वदेशी तथा विदेशी दाताको पनि खोजी गर्नुपर्छ । सो अवसरमा उनले नेपाल नेत्रज्योति सङ्घको यसस्कर सदस्य बन्ने घोषणा गरे । सङ्घको यसस्कर सदस्य बन्न रु २० लाख शुल्क लाग्छ । सङ्घद्वारा सञ्चालित अस्पतालमा सदस्यबाट उठाइएको शुल्कले अस्पताल सञ्चालन र भवन निर्माण गरिँदै आएको छ । सो अवसरमा सङ्घका यसस्कर सदस्य महेन्द्रलाल प्रधान, कोषाध्यक्ष तेजेन्द्र खड्का, सहसचिव केशव अधिकारी, अस्पतालका बाँकी ६ पृष्ठमा

# राष्ट्रिय आर्थिक पत्रिकाको वार्षिकोत्सव सम्पन्न

काठमाडौं । राष्ट्रिय आर्थिक मासिकको १२औं बार्षिकोत्सव सम्पन्न भएको छ । यहि मिति २०७९ साउन २९ गते काठमाडौंको कार्की ब्याङ्कुटमा भएको कार्यक्रमको सभापति पुष्कर बस्नेतले गरेका थिए ।

प्रमुख अतिथिको पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, विशिष्ट अतिथिहरुमा पूर्वअर्थमन्त्री डा.रामशरण महत र पूर्वगृहमन्त्री शक्ति बस्नेत रहेका थिए ।

कार्यक्रममा सम्मानित हुने व्यक्तित्वहरुमा नेपालका प्रथम गभर्नर हिमालय शम्शेर राणा, लोकगायक कुमार बस्नेत, माथिल्लो तामाकोशी जलविद्युत आयोजना जनसरोकार समितिका अध्यक्ष/संयोजक दिव्यध्वज कार्की, वरिष्ठ पत्रकार बबिता बस्नेत, बैंकर प्रद्युमन पोखेल, बैंकर प्रवीण बस्नेत, राजधानी दैनिकका सम्पादक सागर पण्डित, प्रभु ग्रुपका अध्यक्ष देवीप्रकाश भट्टचन, ईन्जिनियर ऋषि कोइराला, युवा उद्यमी एवं सहकारीकर्मी राज कुमार खड्का र शिक्षासेवी डिएन अधिकारी सम्मानित भएका थिए ।

सोही अवसरमा पत्रिकालाई निरन्तर सहयोग गर्दै आएका कमल पन्थीलाई प्रशंसापत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि केपी शर्मा ओलि, विशिष्ट अतिथि डा.रामशरण महत, विशिष्ट अतिथि शक्ति बस्नेत तथा अतिथिहरुमा प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेत, बाग्मती प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष श्याम कुमार बस्नेत, नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल, टानका अध्यक्ष खुम बहादुर सुवेदिको अलावा सम्मानित व्यक्तित्वहरुबाट हिमालय शम्शेर राणा र कुमार बस्नेत र सभापति पुस्कर बस्नेत लगायतले धारणा राखेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि केपी शर्मा ओलिले नेपालले अहिले उत्कृष्ट शासन व्यवस्था अङ्गिकार गरेपनि जनताको जीवनस्तरमा परिवर्तन ल्याउने सामुहिक सोच नेपालका राजनीतिक नेतृत्वमा विकास हुन नसकेको बताएका थिए ।

एमाले सरकारको पालामा अघी सारिएको 'समृद्ध नेपाल : सुखी नेपाली' कार्यक्रमको अवधारणालाई अहिलेको गठबन्धनले स्वीकार्न नसक्नुले समेत नेपाल समृद्ध बनेको देख्न चाहने सोच अहिलेका राजनीतिक दलहरुमा नभएको उनले सम्बोधनका क्रममा बताएका थिए ।

अहिलेको गठबन्धन स्वस्थ नभएको बताउँदै ब्रह्माका टाउका ४ दिशामा फर्किए जसरी गठबन्धनका दलहरु पनि एउटै कार्यपरिमाणमा केन्द्रित नभई ५ दिशामा फर्किएको र परिणाम पनि त्यस्तै प्राप्त भएको बताउदै सत्तापक्षको अछितो काडेका थिए ।

आफूले विगतमा निर्वाचन घोषणा गर्दा स्वस्थ तवरले निर्वाचन सम्पन्न गराएको र सोहीबमोजिम प्रशासनतन्त्रलाई निर्देशन दिएको तर अहिलेको गत स्थानीय तह निर्वाचनमा त्यसरी स्वस्थ तवरले निर्वाचन सम्पन्न नभएको ओलिको आरोप लगाएका थिए ।

गठबन्धनका नेतृत्वमा रहेका दलहरु शक्ति आफ्नो हातमा लिएर जसरी पनि निर्वाचनको परिणाम आफ्नो पक्षमा पार्ने मनसायबाट केन्द्रित भएको बताउँदै पृथक वैचारिक आस्थामा रहेकै कारण आफ्नै छिमेकीलाई कुटपिट गर्न माथिल्लो नेतृत्वले नै प्रेरित गरेको आरोप समेत लगाउन भ्याए ।

उद्योगी, व्यवसायीहरुका प्रतिनिधिलाई राखेर करका दर निर्धारण गर्ने अहिलेको सरकारको परिपाटी गलत भएको उनले ठोकुवा गरेका थिए ।

साथै समाज, राजनीति र विकास लगायतका विभिन्न क्षेत्रमा रहेका समस्याहरुलाई सही ट्र्याकमा ल्याउनको लागि पत्रकारिताले सही भूमिका खेल्नुपर्ने ओलिको धारणा राखेका थिए ।

कार्यक्रममा विशिष्ट अतिथि प्रकाशशरण महतले मुलुकको विकासको लागि सबै एक भएर अघि बढ्नुपर्ने औंल्याएका थिए । पत्रकारिता क्षेत्रले सबैमा सही सूचना प्रदान गरेर उचित भूमिका निर्वाह गर्नुपर्ने उनले बताए ।

कार्यक्रममा बोल्दै विशिष्ट अतिथि शक्ति बहादुर बस्नेतले पत्रकारिताले सुशासन र सामाजिक न्यायका विषयवस्तुहरु उठान गर्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा मुख्य सम्मानित हिमालय शम्शेर राणाले बदलिँदो परिवेशमा निरन्तर पत्रिका प्रकाशन गर्ने कार्य आफैंमा चुनौतीपूर्ण रहेको बताएका थिए । नेपालका प्रथम गभर्नर एवं हिमालय शम्शेर राणाले सरकारले निर्यातलाई प्रतिबन्ध लगाएर मात्रै हामीले आर्थिक उपलब्धि हासिल गर्न नसकिने बताउँदै स्वदेशी वस्तुको उत्पादन वृद्धि एवं निर्यात प्रवर्द्धनमा जोड दिनुपर्नेमा जोड दिनुपर्ने बताएका थिए ।


कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकारिता क्षेत्रमा सुधार आवश्यक रहेको बताएका थिए ।

कार्यक्रमका अतिथि श्याम कुमार बस्नेतले प्राकृतिक स्रोतसाधनमा नेपाल सम्पन्न रहेको बताउँदै नेपालको आर्थिक रुपान्तरणको लागि स्थानीय स्रोतसाधनको उपयोग आवश्यक रहने र ती विषयवस्तुहरुमा पत्रकारिता जगतले कलम चलाउनु बताएका थिए ।



## अन्तर कलेज वक्तृत्वकला प्रतियोगितामा पोखरेल भईन प्रथम

काठमाडौं । नेत्रहिन युवा संघको आयोजनमा अन्तर कलेज वक्तृत्वकला प्रतियोगितामा सम्पन्न भएको छ । यहि साउन २७ गते भएको प्रतियोगितामा नेत्रहिन युवा संघ नेपालले अन्तरराष्ट्रिय युवा दिवसको असर पारेर आयोजना गरेको अन्तर कलेज वक्तृत्वकला प्रतियोगितामा कान्तिपुर इन्टरनेशनल कलेज बिराटनगरकी छात्रा कृपा करुणा पोखरेल प्रथम भएकी छन् । राजनीतिमा युवा, समाबेशीता राजनीति र अपाङ्गता , मेरो भोट मेरो भबिष्य भन्ने बिषयमा भएको वक्तृत्वकला १५ प्रतिस्प्रर्धीलाई पछि पार्दै पोखरेल बिजयी भएकी हुन् । हाइब्रिड (भौतिक तथा अनलाइन) माध्ययमद्धारा बाँकी ६ पृष्ठमा




# रामेछाप डायरी

## जिल्ला प्रशासन कार्यालय रामेछापद्धारा दुई करोड ४० लाख राजस्व संकलन

जिल्ला प्रशासन कार्यालय रामेछापले दुई करोड ३९ लाख ८० हजार २ सय ७६ रुपैयाँ राजस्व संकलन गरेको छ । कार्यालयले आव ०७८/०७ को साउनदेखि असार मसान्तसम्म बाह्र महिनाको अवधिमा उक्त राजस्व संकलन भएको जनाएको छ । कार्यालयका अनुसार जिल्लामा सबैभन्दा धेरै राहदानी सेवा प्रवाहबाट राजस्व संकलन भएको छ । गत आर्थिक वर्षको साउनदेखि असारसम्म मात्रै राहदानी सेवा प्रवाहबाट २ करोड २१ लाख २२ हजार ५००, न्यायिक दन्ड, जरिवाना र जफत शुल्क १५ लाख ३ हजार २ सय ९१, कम्पनी संस्था रजिष्ट्रेसन नवीकरण शुल्क ३ लाख २० हजार २५० रुपैयाँ संकलन गरेको छ । त्यसैगरी, हातहतियार इजाजतपत्र दस्तुर २५ हजार ५ सय २५, परिक्षा दस्तुर ८ हजार २ सय र अन्य प्रशासनिक सेवा शुल्क ५ सय १० रुपैयाँ गरी उक्त राजस्व संकलन गरेको जिल्ला प्रशासन कार्यालय रामेछापले जनाएको छ । सो अवधीमा राहदानीका लागि १ हजार ९ सय ७४ साधारण सिफारिस भएको छ भने एक हजार एक सय छ द्रुत सिफारिस त्यसैगरी ई पासर्पोट लाइभइनरोलमेन्ट २९५८ र ई पासर्पोट बितरण २ हजार २ सय ९४ भएको जिल्ला प्रशासन कार्यालय रामेछापका प्रशासकीय अधिकृत लिलाधर अवस्थीले बताए । राहदानी सेवाबाहेक गत आर्थिक वर्षमा मात्रै जिल्ला प्रशासन कार्यालयमा ५२ वटा संस्था दर्ता भएका छन् । त्यसैगरी कार्यालयले १ सय ५८ नाबालक परिचयपत्र, ७४ ठाडो उजुरी पाच सय ४३ विविध सिफारिस गरेको कार्यालयको वार्षिक प्रगतिमा उल्लेख छ । जिल्ला प्रशासन कार्यालयले एक आर्थिक वर्षको अवधीमा ९ हजार ५ सय ७० जनालाई वंशजको आधारमा नागरिकता वितरण गरेको जनाएको छ । सोबाहेक पाच हजार दुई सय ९२ जनाको प्रतिलिपी नागरिकता वितरण गरेको कार्यालयको वार्षिक प्रगतिमा उल्लेख छ ।

## गोकुलगंगा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा होम ब थापा

रामेछापको गोकुलगंगा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा कुशल प्रशासक होम बहादुर थापाले जिम्मेवारी सम्हाल्नुभएको छ । यस अघि रामेछाप नगरपालिकाको योजना, अनुगमन तथा प्रशासन शाखाको प्रमुख भएर काम गर्नुभएका थापा सोमबार देखि प्रमुख प्रशासकीय अधिकृत भएर गोकुलगंगा गाउँपालिकामा आफ्नो जिम्मेवारी सम्हाल्नुभएको हो । प्रमुख प्रशासकीय अधिकृत थापाले विधि र पद्धति भित्र रहेर नागरिकको समस्यालाई केन्द्रमा राखेर आफूसँग भएको अनुभवलाई प्रयोग गर्दै काम गर्ने प्रतिवद्धता व्यक्त पनि व्यक्त गर्नुभएको छ । प्रमुख प्रशासकीय अधिकृत थापालाई मंगलबार गाउँपालिका अध्यक्ष काजी बहादुर खड्का (दिनेश), उपाध्यक्ष उषदेवी कार्की लगायतले सफलताको शुभकामना दिँदै सिंगो गाउँकार्यपालिकाले अगाडि सारेका नीति तथा कार्यक्रमलाई सफल बनाउने गरी काम गर्न सुझाब दिएका छन । प्रमुख प्रशासकीय अधिकृत थापासँग स्थानीय निकाय तथा स्थानीय तह भएपछि नगरपालिका र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भएर काम गरेको लामो अनुभव रहेको छ ।

## हिलेपानीमा महतारा क्षेत्रीहरुको कुलदेवी सेती देवीको मन्दिर निर्माण

जनैपूर्णिका अवसरमा रामेछाप नगरपालिका वडा नं ७ हिलेपानीमा सेती देवीको मन्दिर उद्धघाटन गरिएको छ । हिलेपानीमा रहेका महतारा क्षेत्री र रोकाया क्षेत्रीहरुको कुलदेवी सेती देवीको मन्दिर निर्माण सम्पन्न गरि रुद्रि पुजा लगाएर उद्धघाटन गरिएको हो । रामेछाप नगरपालिका वडा नं ७ वडा कार्यालयको एक लाख आर्थिक सहयोग र स्थानियको जनश्रमदानमा निर्माण भएको उक्त मन्दिरमा महतारा क्षेत्री र रोकाया क्षेत्रीहरुले पुजाआजा गर्नेछन ।

## रेडक्रस सोसाइटी रामेछापको सभापतिमा कार्की निवार्चित

रामेछाप । नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रामेछापको सभापतिमा शिवकुमार कार्की निर्वाचित भएका छन् । आइतबार सम्पन्न निर्वाचनबाट कार्की सभापतिमा निर्वाचित भएका हुन । निर्वाचनमा कार्कीले ५३ मत प्राप्त गरेका थिए भने प्रतिस्पर्धी जय प्रकाश श्रेष्ठले ५० मत प्राप्त गरेका छन् ।यसैगरी उपसभापतिमा नारायणदास श्रेष्ठ विजयी भएका छन् । श्रेष्ठले ५५ मत प्राप्त गरेका थिए भने प्रतिस्पर्धी विरेन्द्र श्रेष्ठले ४५ मत प्राप्त गरेका छन । महिला उपसभापतिमा ५३ मत सहित कल्पना केसि विजयी भएकी छन् । केसिकी प्रतिस्पर्धी पार्वती कडरियाले ४९ मत प्राप्त गरेकी छन् । यसैगरि मन्त्री पदमा ५४ मत सहित दुर्गा श्रेष्ठ विजयी भएका छन् भने ,अर्का उमेदवार हेमन्त पौडेल ४८ मत प्राप्त गरेका छन् । यस्तै कोषाध्यक्ष पुनः दिनेश कार्की विजय भएका छन् । भिमबहादुर तामाङलाई २३ मतले पछि पार्दै कार्की ६१ मत सहित निर्वाचित भएका छन् । कार्कीका प्रतिस्पर्धी तामाङले ३८ मत प्राप्त गरेका छन् । यस्तै उप कोषाध्यक्षमा श्री बहादुर माझीलाई ५ मतले पछि पार्दै यतनहरि सुवेदी निर्वाचित छन् । सुवेदी ५३ मत प्राप्त गरेका छन् भने माझीले ४८ मत प्राप्त गरेका छन् । त्यसैगरि महिला सदस्यमा विष्णुलक्ष्मी उप्रेती, कमला कुमारी खड्का र सुशीला गुरुङ निर्वाचित भएका छन् । भने खुला सदस्यहरूमा ढालविक्रम कार्की, राजेन्द्रबहादुर कार्की, धुव्रबहादुर खड्का, रमेशकुमार उदास, यादव प्रसाद दाहाल र कृष्णप्रसाद उप्रेती निर्वाचित छन् ।

## रामेछापमा दुई पत्रकार सम्मानित

रामेछाप । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ फोनिजको स्थापना दिवसको अवसरमा रामेछाप स्थित कान्तिपुर दैनिकका उप सम्पादक टीकाप्रसाद भट्टलाई जनजाति खोज पत्रकारीता बर्ष २०७९ बाट नगद पुरस्कार सहित सम्मान गरीएको छ । उक्त पुरस्कारको स्थापना यसै बर्ष भएको हो । कार्यक्रममा आदिवासी जनजाति उत्कृष्ठ पत्रकारको रुपमा नगद पुरस्कार सहित पत्रकार नवराज श्रेष्ठलाई सम्मान गरीएको छ । फोनिज जिल्ला अध्यक्ष कुमार श्रेष्ठको अध्यक्षतामा शुक्रबार मन्थलीमा भएको पुरस्कार तथा सम्मान कार्यक्रममा फोनिजका बाग्मति प्रदेश अध्यक्ष युवराज श्रेष्ठ, रामेछाप नगरपालिकाकी उप प्रमुख बालकुमारी कार्की थापा र मन्थली नगरपालिकाकी उप प्रमुख ईश्वरी वस्नेतलाई उनीहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरेका हुन । खोजि पत्रकारीता क्षेत्रमा पुरस्कृत भएका भट्ट २०४९ साल देखि कान्तिपुर दैनिकमा रहेर क्रियाशिल हुदै आएका छन् ।

## प्रभु बैंक र ग्राण्ड साम्बाला बीच सम्झौता

काठमाडौ । २०७९ साउन २६ गतेका दिन प्रभु बैंक लिमिटेड र होटल ग्राण्ड साम्बाला प्रा. लि.मुक्तिनाथका बिच विभिन्न सेवाहरुमा छुट प्रदान गर्ने




सम्बन्धी सम्झौता सम्पन्न भएको छ । बैंकका तर्फबाट जोम्सोम क्षेत्र प्रमुख नरेन्द्र थकाली र होटल ग्राण्ड साम्बाला प्रा. लि. का तर्फबाट प्रबन्ध निर्देशक नाम्म्य वाङ्दी गुरुङद्धारा हस्तरक्षर गरी ग्रहकहरुलाई सुविधा दिने सहमति गरेका हुन् ।

## मुक्तिनाथले ल्यायो न्यूनतम अवधिमा तेब्बर योजना

काठमाडौ । मुक्तिनाथ विकास बैंक लि.ले ग्राहक महानुभावहरुको सर्वोपरी हितलाई ध्यानमा राख्दै निक्षेप कर्ताहरुलाई अत्यन्त लाभदायी ब्याजदर प्रदान गर्ने न्यूनतम अवधिमा तेब्बर सम्म प्रतिफल दिने मुक्तिनाथ गज्जब मुद्दती योजना सञ्चालनमा ल्याएको छ । उक्त योजना अन्तर्गत व्यक्तिगत मुद्दती खातामा ९ वर्ष ४ महिना १८ दिनमा प्रतिफल तेब्बर र व्यक्तिगत रेमिट्यान्स




मुद्दतीमा ८ वर्ष ७ महिना २८ दिनमा तेब्बर हुनेछ ।

त्यस्तै व्यक्तिगत मुद्दती खातामा ५ वर्ष १० महिना १८ दिनमा प्रतिफल दोब्बर र व्यक्तिगत रेमिट्यान्स मुद्दतीमा ५ वर्ष ५ महिना ६ दिनमा दोब्बर हुनेछ । साथै, थप जानकारीका लागि बैंकको नजिकैको शाखा कार्यालयमा सम्पर्क गर्न सकिने छ । यो योजनाबाट ग्राहकवर्गहरुलाई अत्यन्त फाइदा पुग्ने बैकले विश्वास गरेको उल्लेख छ ।

## प्रभु बैंकका एक हजार कर्मचारीको बढुवा

प्रभु बैंकले १००० जना कर्मचारीको बढुवा गरेको छ । उच्च व्यवस्थापन अर्थात् कार्यकारी तहमा दिनेश थकाली र रेणुप्रसाद पाण्डेसहित १००० कर्मचारीको




बढुवा गरेको हो । सहायक महाप्रवन्धक रहनुभएका थकालीलाई एक तह बढुवा गरी नायव महाप्रबन्धक बनाइएको छ । त्यस्तै, यसअघि चिफ म्यानेजर रहेका रेणु पाण्डेलाई सहायक महाप्रबन्धक र सिनियर म्यानेजर रहेकी रश्मी पन्तलाई चिफ म्यानेजरमा बढुवा गरिएको छ । त्यस्तै, एक दर्जन सिनियर म्यानेजर तहका कर्मचारीलाई चिफ म्यानेजरमा बढुवा गरिएको छ । बैंकमा ३ हजार भन्दा बढी कर्मचारी छन् । सेञ्चुरी बैंकसँग मर्जरमा जाने प्रक्रियामा रहेको बैंकले एकैपटक ठूलो संख्यामा कर्मचारीहरुको बढुवा गरेको हो । कर्मचारीहरुलाई कार्यसम्पादन मूल्यांकनका आधारमा एक तह बढुवा गरिएको बैंकको मानव संशाधन शाखाले जनाएको छ ।

## बैंक अफ काठमाण्डूले मुद्दा जित्यो

काठमाडौ । मेलम्ची खानेपानी आयोजनाको ठेकेदार चाइना रेल्वेका लागि चाइना कन्स्ट्रक्सन बैंकको तर्फबाट काउन्टर ग्यारेन्टी प्राप्त गरी सो वापत मेलम्ची खानेपानी आयोजनाको नाममा अग्रिम भुक्तानी जमानत जारी गरेको बैंक अफ काठमाण्डू लिमिटेडले उक्त जमानत सम्बन्धी परेको भुक्तानी मुद्दा




जितेको छ । मेलम्ची खानेपानी आयोजनाको ठेक्का पाएको चाइना रेल्वेका तर्फबाट ग्यारेन्टी बसेको चीनको बैंक चाइना कन्स्ट्रक्सन बैंकले बैंक अफ काठमाण्डू लिमिटेडलाई काउन्टर ग्यारेन्टी दिएको थियो । यो फैसलासंगै बैंकले काउन्टर ग्यारेन्टी वापतका मेलम्ची खानेपानी आयोजनालाई भुक्तानी गरिदिएको अमेरिकन डलर ६,६२५,०१० र युरो १,४११,४५३ वापतको रकम बैंक अफ काठमाण्डू लिमिटेडले फिर्ता पाउने भएको बैंकका प्रमुख कार्यकारी अधिकृत श्रवण मास्केले जानकारी दिनु भएको हो ।

## महालक्ष्मीले ल्यायो सबैभन्दा छिटो पैसा डबल हुने मुद्दति योजना

महालक्ष्मी विकास बैंकले नेपाली नागरिकलाई लक्षित गरेर सबैभन्दा छिटो पैसा डबल नयाँ मुद्दति योजना महालक्ष्मी डबल बोनान्जा मुद्दति खाता सार्वजनिक गरेको छ । मात्र रु. १० हजारमै मुद्दति खाता खोल्न सकिने 'महालक्ष्मी डबल बोनान्जा मुद्दति खाता' मा ७० महिनामै मुद्दति रकमको दुईगुणा रकम भुक्तानी गरिने बैंकले जनाएको छ । महालक्ष्मी विकास बैंकमा जुनसुकै बचत खाता खोलेका ग्राहकले मुद्दति खाता योजनाअन्तर्गतको आकर्षक यस महालक्ष्मी डबल बोनान्जा मुद्दति खाता खोल्न सक्नेछन् । विगतदेखि नै ग्राहकको आम्दानीमा उच्च प्रतिफल दिन प्रतिवद्ध रहिआएको बैंकले आमग्राहकको बैंकिङ आवश्यकता, चाहना तथा अपेक्षलाई मध्यनजर गर्दै महालक्ष्मी डबल बोनान्जा मुद्दति खाता सञ्चालनमा ल्याएको हो। देशैभर छरिएर रहेका १०३ शाखामार्फत यो खाता




खोल्न सकिने बैंकले जनाएको छ ।

'सबल बैंक, सफल सहकार्य'को नारालाई आत्मसाथ गर्दै बैंकले नेपाली जनताको घरदैलोमा विगत २८ वर्षदेखि अनवरत रुपले सरल, सहज र गुणस्तर ीय वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ। बैंकले हाल प्रदेश नं १ मा ५, मधेश प्रदेशमा १५, बागमती प्रदेशमा ३७, गण्डकी प्रदेशमा ९, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा २ र सुदूरपश्चिम प्रदेशमा १७ वटा गरी कुल १०३ वटा शाखामार्फत करिब ६ लाख ग्राहकलाई उच्चस्तरिय वित्तीय सेवाहरु सरलीकृत तवरले प्रदान गर्दै आइरहेको छ। बैंकले ग्राहकको वैदेशिक यात्राका क्रममा कार ोबार थप सुरक्षित, सहज र भरपर्दो होस् भन्ने उद्देश्यले भिसा ईएमभी चिप बेस्ड ट्राभल कार्ड, ई-कमर्स कार्ड र डलर कार्ड जारी गरिसकेको छ। समग्रमा चिप बेस्ड ट्राभल कार्ड, ई-कमर्स कार्ड र डलर कार्ड जारी गर्ने अग्रणी तथा एकमात्र विकास बैंकमा महालक्ष्मी रहेको छ ।

## ग्लोबल आइएमई बैंक र धनगढीको माया मेट्रो अस्पतालबीच सम्झौता

ग्लोबल आइएमई बैंक लिमिटेड र धनगढीमा रहेको माया मेट्रो अस्पताल प्रा.लि. बीच अस्पतालले प्रदान गर्ने सेवाहरुमा बैंकका ग्राहकहरुलाई छुट प्रदान गर्ने सम्झौता सम्पन्न भएको छ । सम्झौता अनुसार ग्लोबल आइएमई बैंकका खातावाल ग्राहक तथा कर्मचारीहरुले माया मेट्रो अस्पतालका सेवाहरुमा १५ प्रतिशत सम्म छुट प्राप्त गर्नेछन् । माया मेट्रो अस्पतालमा छुट प्राप्त गर्न बैंकका ग्राहकहरुले बैंकको डेबिट-क्रेडिट-प्रिभिलेज कार्ड वा बैंकको परिचय पत्र पेश गर्नु पर्नेछ । आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न



अस्पलातहरुसंग यस्ता सम्झौताहरु गरी समय सापेक्षता अनुरुप ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ । मुलुकका सतहत्तरै जिल्लामा २८९ शाखा रहेको नेपालको पहिलो निजी क्षेत्रको बैंकले २६५ एटीएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ५२ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ८८१ भन्दा बढि सेवा केन्द्रबाट ३० लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आइरहेको छ ।

# अर्थ संसार

## माइपे ले सार्वजनिक गर्यो माइपे क्वाइन, १

काठमाडौ । माई पे डिजिटल वालेटले नयाँ विशेषताको रुपमा माई पे क्वाइन सार्वजनिक गरेको छ । १ क्वाइन बराबर रु १ नै मूल्य हुने गरी क्वाइन सार्वजनिक गरेको माई पेले जनाएको छ । माई पे का अनुसार हरेक कारोबारमा क्वाइन प्रयोग गर्न सकिने यो पहिलो वालेट हो । यससँगै माई पे प्रयोगकर्ताहरुले मोबाइल टपअप तथा डाटा प्याकमा ४ प्रतिशतसम्म, टेलिभिजनको बिल भुक्तानीमा २ प्रतिशतसम्म, इन्टरनेटको बिलभुक्तानीमा २ प्रतिशतसम्म तथा हवाई जहाजको टिकट बुकिङ्ग गर्दा सबैभन्दा धेरै पैसा रिटर्नको अफरहरु समेत निरन्तर रहेको जनाएको छ । यसरी फिर्ता आउने




रकममा नगद र क्वाइन गरी दुई भागमा बाढीएको माई पेको भनाइ छ ।

उसले उदारण दिदै भनेको छ । माई पे बाट रु १,००० को मोबाइल टपअप गर्नुभयो भने ४ प्रतिशत (रु ४०)फिर्ता हुन्छ । जसमा रु २० क्यासको रुपमा तपाईको वालेटको मेन ब्यालेन्समा जोडिन्छ भने बाँकी २० क्वाइनको रुपमा जम्मा हुन्छ । माई पेबाट गरिएको सबै कारोबारमा यसरीनै क्वाइन प्राप्तगर्न सकिने माई पे को भनाइ छ । यसरी प्राप्त भएको क्वाइन अब ग्राहक महानुभावहरुले त्यसपछिको जुनसुकै कारोबारमा पनि प्रयोग गर्न सक्नेछन् भनि उल्लेख गरेको छ । मानौं अघिको तपाईको पहिलो कारेबारबाट २० क्वाइन जम्मा भएको छ । अब तपाईंले अर्को कारोबारको रुपमा रु १,००० को कुनै इन्टरनेटको बिल भुक्तानी गरेमा बिल भुक्तानी गर्दा माई पे वालेटमा तीन वटा विकल्प देखाउँछ । पहिलो विकल्प छनौट गर्दा वालेटमा भएको ब्यालेन्सबाट कारोबार हुन्छ भने दोस्रो विकल्पको रुपमा वालेटमा बैंक लिंक गरेकाहरुको लागि भने बैंक खाताबाट सिधै रकम भुक्तानी गर्न सकिने विकल्प देखिन्छ । तेस्रो विकल्पका रुपमा लेब्यालेन्स र माई पे क्वाइनलाई मिलाएर कारोबार गर्न सकिन्छ । जस्तो रु १,००० को बिल तिर्दा तपाईंले रु ९८० तपाईको बालेटमा भएको रुपैयाँबाट र रु २० नगद नभई माई पे क्वाइनबाट भुक्तानी गर्न सकिन्छ भनि सार्वजनिक गरेको छ । भुक्तानी पछि पनि क्यास रिफन्डका रुपमा नगद र माई पे क्वाइन प्राप्त गर्न सक्ने उल्लेख छ । उक्त क्वाइनहरु निरन्तर प्रयोग गर्दै जान सकिने माई पे ले जनाएको छ । यदि प्रयोगकर्तासँग पर्याप्त माई पे क्वाइन नभएको खण्डमा भने तेस्रो विकल्प नदेखिने माइपे ले जनाएको छ । माई पे का अनुसार क्वाइन प्रयोग गर्दा प्रयोग कर्ताले केवाईसी भने भरेको हुनुपर्नेछ ।

## इमर्जिङ्ग नेपालको निमित्त प्रमुखमा बेल्वासे

काठमाडौं । इमर्जिङ्ग नेपाल लिमिटेडको निमित्त प्रमुख कार्यकारी अधिकृतमा रमेश बेल्वासेलाई नियुक्त गरिएको छ । गत शुक्रबार कम्पनीको सञ्चालक समितिको ७० औं बैठकको निर्णानुसार साउन २० गते बाट नै लागू हुनेगरि उनलाई निमित्त प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी दिइएको कम्पनीले जारी गरेको बिज्ञप्तिमा उल्लेख छ । हिरोवट युनिभर्सिटी, युकेबाट बिबिए र



मास्टर डिग्री गरेका बेल्वासेले नेपाल एसबीआई मर्चेण्ट एण्ड बैकिङ्ग लिमिटेडमा लगानी प्रमुख भई ४ वर्ष काम गरेको अनुभव रहेको उल्लेख छ । मर्चेण्ट एण्ड बैकिङ्ग क्षेत्रको राम्रो अनुभव भएका बेल्वासेलाई प्रमुखको जिम्मेवारी दिंदा संस्थागत विकासमा अगाडि बढ्ने विश्वास कम्पनीले लिएको उल्लेख छ ।

## स्वावलम्बन विकास केन्द्रको ३१ औं वार्षिकोत्सव सम्पन्न

स्वावलम्बन विकास केन्द्रको ३१औं वार्षिकोत्सव सम्पन्न भएको छ। सो अवसरमा तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको कार्य विवरण प्रतिवेदन पनि विमोचन गरिएको छ । समारोहका प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर दीपेन्द्र बहादुर क्षेत्री र समारोहका सभापति तथा केन्द्रका प्रबन्ध समिति अध्यक्ष शंकर मान श्रेष्ठले संयुक्त रुपमा उक्त प्रतिवेदन विमोचन गर्नु भएको हो । सो समारोहमा बोल्दै प्रमुख अतिथि क्षेत्रीले लघुवित्तको मूल लक्ष्य गरीबी निवारण गर्ने रहेको बताउँदै लघुवित्तको कारण नेपालमा गरिबी घटाउन धेरै सहयोग पुगेको बताउनुभयो । साथै उहाँले गरिबी निवारणलाई सबै लघुवित्त संस्थाहरूले साझा अभियानको रुपमा अघि बढाउनु पर्ने धारणा राख्नुभयो । 'नेपालमा गरिबी मागी खाने भाँडोको रुपमा प्रयोग हुँदै आएको छ । गरिबीको नाममा आफू कसरी आर्थिक रुपमा सबल हुने भन्ने तर्फ सबै क्षेत्र केन्द्रित भएको छ' उहाँले भन्नुभयो, 'राजनीतिक नेतृत्वबाट गरीबीको नाममा अरु देश सँग असमान सन्धि सम्झौताहरू समेत हुँदै आएका छन् । यो मानसिकताबाट अघि नबढ्ने हो भने देशको भविष्य अन्यौल हुन जान्छ । गरीबी निवारण विरुद्ध सही योजना अघि सारेर आ-आफ्नो क्षेत्रबाट अघि वढ्नु जरुरी छ । लघुवित्तहरूले पनि यो विषयलाई साझा समस्याको रुपमा लिएर निकास खोज्नु उपयुक्त हुन्छ ।'

# टानका अध्यक्षका उम्मेद्वार निलहरि बास्तोलाको यस्तो छ प्रस्तावना

काठमाडौ । पर्वतीय पर्यटन व्यवसायीहरुको छाता सङ्गठन ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान)को आगामी निर्वाचनमा अध्यक्ष पदका प्रत्यासीले आ-आफ्नो समूहबाट उम्मेदवारी घोषणा गरेर व्यवसायिक छलफल र प्रचार प्रसारलाई तीब्रता दिएका छन् । अध्यक्षका प्रत्यासीले व्ययसायीमाझ टान नेतृत्वमा पुगेको खण्डमा आगामी कार्ययोजनाको खाकाको फेहरिस्त प्रस्तुत गरिरहेका छन् । अध्यक्षका प्रत्यासीमध्येका सफल पर्यटन व्यवसायी निलहरि बाँस्तोलाले टान सुधार्ने र व्यवसायिक हितका लागि आगामी कार्ययोजनासहित चुनावी अभियानमा जुटिरहेको बताएका छन् ।

टान नेतृत्वमा पुगेको खण्डमा टानलाई पूर्ण व्यवसायिक हितका लागि काम गर्ने प्रभावकारी संस्थाको रुपमा स्थापित गर्दै पर्वतीय पर्यटन विकास र प्रवर्द्धनमा आफूलाई सक्रिय बनाउने बताउने गरेका छन् ।

नेपाली कांग्रेसको शुभेच्छुक सङ्गठन नेपाल पर्यटन व्यवसायी सङ्घ (निट नेपाल) र नेपाल लोकतान्त्रिक पर्यटन व्यवसायी सङ्घकोतर्फबाट आधिकारिक उम्मेदवार बनेका बास्तोलाले टानलाई डिजिटलाईज गर्दै पूर्ण व्यवसायीमैत्री संस्थाको रुपमा विकास गर्ने योजना बिभिन्न सञ्चारमाध्यमलाई पठाएर सार्वजानिक गर्ने गरेका छन् ।

पर्यटन क्षेत्रमा विगत २६ वर्षदेखि सक्रिय बाँस्तोलाले पर्यटन क्षेत्रलाई गुणस्तरीय र दक्ष मानव स्रोत साधन युक्त बनाईने बताउने गरेका छन् उनको भनाई यस्तो छ । ,पर्यटन क्षेत्रलाई गुणस्तर अभिवृद्धि गर्न जरुरी छ । विजनेस दर्ता गरेर मात्रै संभव हुँदैन । त्यो व्यवसायी व्यवसाय गर्न सम्भव छकी छैन । पदमार्गमा कुनै पदयात्री कुनैपनि खाले समस्यामा परेर सहयोग खोजेको अवस्थामा टानले सहजिकरण गर्ने वातावरण हुनुपर्छ । त्यसका लागि हामी अवश्यपनि काम गर्नेछौ ।

टानमा इ-लाइबेरी बनाइने

पर्यटन वास्तोलाले टानको नेतृत्वमा पुगेपछि क्यालेन्टर बनाएर संस्थागत सुधारको काम गर्ने । व्यवसायीले चाहेका बेला एकै थलोबाट आवश्यक किताव, फोटो, भिडियो लगायत सामग्री सहजै उपलब्ध गराउने उद्देश्यले टानमा इ-लाइबेरी स्थापना गर्ने टानले अहिलेसम्म डाटाबेसमा खेलेको छैन । यो समयको माग हो । हिजोका अग्रजले प्रयास गरेका तर नसकेका आजको आवश्यकता अनुसार कुन देशबाट कति पर्यटक भित्र्याउने । भिजनका साथ अघि बढ्नुपर्छ । आजको दिनमा विदेशी पर्यटक १० लाख र २० लाख भनेर हुदैँन । डिमान्ड बडाउनुपर्छ ।

व्यवसायी बास्तोलाले विदेशी पर्यटक नेपाल भित्रिने सबै मुलुकमा बढीभन्दा बढी विदेशीलाई आकर्षण गर्न योजनाबद्ध कार्यक्रम लैजानुपर्नेमा जोड दिएका छन् । उनको भनाई यस्तो छ । ,विदेशी पर्यटक नेपाल भित्रने कुन देशमा कस्तो बजारीकरण आवश्यक छ । देशीय गन्तव्यवाईज बजारीकरण गर्नका लागि व्यवसायीसँग छलफल गरेर कार्यक्रम कार्यान्वयन लानुपर्छ त्यो मेरो नेतृत्वले गर्छ ।

टान प्रादेशिक संरचनामा



टान अझै पनि प्रादेशिक रुपमा जान नसकेको भन्दै व्यवसायी बास्तोलाले टानलाई प्रादेशिक संरचनामा लगेर व्यवसायिलाई मतदानको अधिकारको सुनिश्चित गर्न जररी रहेको उल्लेख गरेका छन् । उनले टानलाई प्रादेशिक रुपमा व्यवस्थापन गर्दै समयसापेक्ष देशब्यापी रुपमा विकास गरी पदमार्गको पहिचान र प्रवर्द्धन गर्न नयाँ कार्यसमितिले काम गर्ने बताएका छन् ।

टानलाई विशुद्ध व्यावसायिक संस्थाका रूपमा विकास गरी परिवर्तित अवस्थामा संस्थाको भूमिकालाई व्यापक बनाएर अघि बढ्ने बाँस्तोलाको योजनामा उल्लेख छ । आगामी साउन ३० गतेका लागि तय गरिएको टानको ४४औँ साधारणसभा एवं निर्वाचनबाट नयाँ कार्यसमिति चयन हुनेछ । टानको अध्यक्ष, पदाधिकारी र सदस्य गरी कूल २५ सदस्यीय कार्य समितिमध्ये १७ निर्वाचित र बाँकी सदस्य मनोनित गरिनेछ । टानमा करिब एक हजार ८०० सदस्य रहेका छन् ।

# धादिङ जिल्लामा एमालेको माहोल तात्यो

काठमाडौ ।सरकारले आउदो मङ्सिर ४ गते निर्बाचन तोकेपछी देशभरी चुनाबी माहोल बढेको छ।

सत्तपक्षिय गठबन्धन मोर्चाबन्दिमा चुनावमा जाने तयारिमा नेकपा एमाले एक्लो जस्तो देखिएको छ ।

आउदो निर्बाचनको लागी धादिङ निर्बाचन क्षेत्र नम्बर १ मा पनि बिभिन्न आकलन र बहस सुरु भएको छ,२०४८ शालदेखीको निर्बाचन एमालेको गडको रूपमा रहदै आएको धादिङ्गमा,एमाले फुटको असर पनि केहि देखिन्छ प्रतिनिधि सभा सदस्यको लागी मुख्य त बर्तमान साम्सद भुमी त्रिपाठी र युवा नेता रमेशकुमार आचार्य २ जनाको शसक्त दाबेदारी रहेको छ भने केन्द्रिय लेखा आयोगको अध्यक्ष पुस्प कडेल,केन्द्रिय सल्लाहकार परिषद सदस्य जगन्नाथ नेपाल र केन्द्रिय लेखा आयोग सदस्य मिनराज कडेको पनि दाबी रहेको बुझिएको छ ।

१.पुस्प कडेल नेकपा एमालेको बौदिक नेता र अर्थबिदको रुपमा चिन्निछ, पेसाको हिसाबले प्राध्यापक भए पनि पार्टी पुरानो नेता हुन नेकपा एमाले केन्द्रिय लेखा आयोगको सदस्य हुदै हाल तेस्रो कार्यकाल केन्द्रिय लेखा आयोगको अध्यक्ष पार्टी स्थायी कमिटी सदस्यको जिम्मेवारी सङ्गालिरहेका छन् ।

कडेलको घर धादिङ भए पनि उनले आफ्नो राजनीतिलाइ केन्द्रिय राजनीतिमा केन्द्रीत छ। उनी केपि ओलि प्रधानमन्त्री हुँदा राष्ट्रिय योजना आयोगको उपाध्यक्ष थिए ।

२.भुमी त्रिपाठी नेकपा एमाले धादिङको अध्यक्ष र बर्तमान साम्सद समेत हुन २०५४ शालमा धादिङ-काठमाडौ सम्पर्क मन्चको अध्यक्ष हुदै पार्टी जिल्ला कमिटी सदस्य,सचिब हुदै हाल अध्यक्ष रहेको छन् ।

३.रमेशकुमार कुमार आचार्य जिल्लाको मात्रै नभएर देशकै प्रभावशाली युवा नेता हुन अनेरास्वबियु धादिङको सदस्य,सचिव,अध्यक्ष हुदै,केन्द्रिय सदस्य,सचिवालय सदस्य हुदै २०६७ शालमा जनकपुमा सम्पन्न अनेरास्वबियुको २० औं राष्ट्रिय सम्मेलनमा कोषाध्यक्षको उम्मेदवार समेत रहेका थिए,युवासंघको सचिवालय सदस्य ,सचिव,महासचिवको समेत कुशल रुपमा जिम्मेवारी बहन गरिसकेका र ६ बर्ष एमाले अध्यक्ष केपि ओलिको स्वकीय सचिवको रुपमा समेत काम गरिसकेको अनुभव उनि हाल नेकपा

एमाले बागमती प्रदेश कमिटी सदस्य साथै,केन्द्रिय खेलकुद बिभागको सदस्य समेत जिम्मेवारीमा छन्,पुस्तान्तरण र परिबर्तनको लागी आफ्नो उम्मेदवार अनिबार्य रहेको बताइरहेका छन् ।

४.जगन्नाथ नेपाल जिल्लाको सस्थापक नेता पार्टीको केन्द्रिय सल्लाहकार परिषद सदस्यको जिम्मेवारीमा छन्,पार्टीको जिल्ला कमिटी प्रदेश कमिटीमा समेत काम गरिसकेका नेपाल जिल्ला समन्वय समिति धादिङको निबर्तमान प्रमुख समेत हुन पार्टी नेताहरुले सहमतिमा उम्मेदवार हुन अनुरोध गरेमा नाइ नभन्ने बताइरहेका छन् ।

४.मिनराज कडेल हाल केन्द्रीय लेखाआयोग सदस्य समेत रहेको छन्,जिल्ला कमिटी सदस्य,उपसचिवको समेत जिम्मेवारी निर्बाह गरि सकेका कडेल सहकारी क्षेत्रको अगुवा हुन् यसपालि पार्टीले उम्मेदवार हुन सर्बसम्मत सिफारिस गरेमा पछि नहट्ने बताइरहेका छन् ।

अर्का धादिङको क्षेत्र २ मा पार्टी केन्द्रिय सदस्य जिल्ला इन्चार्ज बर्तमान साम्सद खेम लोहनी ,केन्द्रिय सदस्य जानुका सिम्खडा,बर्तमान प्रदेश साम्सद रामकुमार अधिकारी,पार्टी उपाध्यक्ष धन बहादुर घलेको पनि दाबी रहेको बताइन्छ ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# खेलकुद

## काठमाडौंको खरिबोटमा च्याम्पियन मार्सल आर्ट्स एकेडेमीको स्थापना

काठमाडौं । प्रवासमा रहँदै आएका नेपाली राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीको पहलमा स्थापना भएको च्याम्पियन्स मार्सल आर्टस् एकेडेमीको शुक्रबार औपचारिक सुरुवात भएको छ । झण्डै तीन वर्षदेखि काठमाडौं महानगरपालिका-१६ को खरिबोटमा साढे २ रोपनी जग्गामा स्थापना भएको एकेडेमीको ओलम्पियन जितबहादुर केसी, संगिना वैद्य, दीपक विष्ट, देवु



थापा तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठले संयुक्त रुपमा उद्घाटन गरेका हुन् । एकेडेमीको उद्घाटनकै अवसरमा १३औं दक्षिण एसियाली खेलकुद (साग) मा करातेका दोहोरो स्वर्णपदक विजेता मण्डेकाजी श्रेष्ठ, तेक्वान्दोकी आयशा शाक्य, स्वर्ण विजेता संगीता बस्याल, १३औं सागकी रजत पदक विजेता अप्सरा कार्की, सन् २०१६ की रियो ओलम्पिककी सातौं वरियताकी निशा रावल, सागमा करातेका कास्य विजेता मुकुन्द महर्जन, दिगम्बर प्रसाद पन्त, जुडोका कास्य विजेता श्रीराम माकाजु, उसुकका रजत विजेता विश्व बुढामगर, मिना ग्लानलाई सम्मान गरेको हो ।

यस्तै एकेडेमी आफ्नो इमर्जिङ खेलाडीलाई पनि सम्मान गरेको थियो । हाल अमेरिकामा बस्दै आएका ११ औं सागका स्वर्ण पदक विजेता करातेका सुनिल लामा, फ्रान्समा बस्दै आएका सुनिल लामा, फ्रान्स बन्दै आएका दक्षिण एसियाली जुडो च्याम्पियनसिपका स्वर्ण पदक विजेता सरोज महर्जन, अमेरिका बस्दै आएका तेक्वान्दोका राष्ट्रिय खेलाडी पुष्प थापामगर, अस्ट्रेलिया बस्दै आएका ११औं सागका उसुका पदक विजेता राजु महर्जन र मकाउ बस्दै आएका एम्बेस्डर कपका स्वर्ण पदक विजेता सुजन जोशी तथा अमित लामा, सन्जय लामा, नरेन्द्र मर्हजनको पहलमा एकडेमीको स्थापना गरिएको बताइएको छ । एकेडेमीमा बिहान र साँझ गरेर झण्डै ९० जनाले प्रशिक्षण लिएका छन् । एकेडेमीमा करातेका प्रशिक्षकमा श्याम सुनुवार तथा तेक्वान्दोको प्रशिक्षकमा तेक्वान्दो लालबहादुर बराम र युगेन एकेडेमीले प्रशिक्षण दिँदै आएका छन् । स्थानीयस्तरमा मार्सल आर्टस् खेलाडी तयार पार्ने लक्ष्यसहित स्थापना गरिएको एकेडेमीकी निर्देशक लामाले बताइन् । एकेडेमीले आगामी दिनमा जुडो, बक्सिङ र उसुको प्रशिक्षण दिने पनि योजना बनाएको छ । यस्तै एकेडेमीमा फिट्नेस र जुम्बा सेन्टर पनि योजना रहेको जनाएको छ ।

## साफ यु-१७ च्याम्पियनसिप भदौ २० देखि २९ गतेसम्म श्रीलंकामा हुने

काठमाडौं । आगामी भदौ २० देखि २९ गतेसम्म श्रीलंकामा हुने साफ यू-१७ च्याम्पियनसिपमा नेपालले पहिलो खेल भुटानसँग खेल्ने भएको छ । श्रीलंकामा हुने च्याम्पियनसिपमा दक्षिण एसियाली फुटबल महासंघले सार्वजनिक




गरेको खेलतालिका अनुसार समूह बीमा रहेको नेपालले भदौ २२ गते भुटानसँग पहिलो खेल खेल्नेछ । नेपालले दोस्रो खेल भारतसँग भदौ २४ गते खेल्नेछ ।

समूह एमा घरेलु टोली श्रीलंकासँगै बंगलादेश र माल्दिभ्स छन् । दुवै समूहको शीर्ष दुई टोली सेमिफाइनल प्रवेश गर्नेछन् । फाइनल खेल भदौ २९ गते हुनेछ । साफ यू-१७ च्याम्पियनसिपको लागि नेपालले अहिले तयारी गरिरहेको छ । देशभरबाट खुल्ला छनोट मार्फत प्रारम्भिक चरणमा ६० खेलाडीलाई छनोट गरिएको थियो । हाल ३० खेलाडी बन्द प्रशिक्षणमा छन् ।

## नेपाल....

तर पछिल्लो केही महिनादेखि नेपाल र चीनको बीचमा प्रत्यक्ष नदेखिए पनि अप्रत्यक्ष रुपमा सम्बन्धमा समस्या आएको सहजै महसुस गर्न सकिन्छ। त्यो अन्तराष्ट्रिय प्रभावको रुपमा देखा परेको हो। अमेरिकी परियोजना एमसिसि नेपालले पास गर्नु एसपीपी योजना अगाडी बढ्नु रुस र युक्रेनको युद्धमा नेपालले युक्रेनको पक्षमा मतदान गर्नु जस्ता पछिल्ला अन्तराष्ट्रिय अमेरिकन शक्तिको प्रभाव नेपालमा देखिनुले चीनको केन्द्रीय कुटनीतिले नेपाललाई शंकाको दृष्टिले हेरेको भान भईसकेको छ।

विश्वका प्रतिस्पर्धी चीन र अमेरिका आफ्ना योजनाहरुमा कटिबद्ध छन् त्यसको लागि उनिहरुले ल्याउने योजना नेपाल जस्ता साना र अल्प विकसीत राष्ट्रहरुको लागि निक्कै अप्ठ्यारो हुने गर्छ। देशका कार्यकारी प्रमुखहरुले कुटनैतिक रुपमा बुद्धि पुऱ्याउन सकेनन् भने साना र अल्प विकसित मुलुकहरुको लागि निक्कै डरलाग्दो विषय बन्न सक्छन्। त्यस्तै मारमा नेपाल परिरहेको छ। अमेरिकी परियोजना नेपालमा लागु भएपछि चीनको नाकाहरुबाट नेपाल आउने सामान विगतका तुलनामा कम आएका छन्। चीनले प्रत्यक्ष औपचारिकता नदिएको भएपनि व्यवहारमा नेपालसँगको सम्बन्ध बिगतको जस्तो निरन्तरता देखिदैन। त्यसकारण चीनसँगको सम्बन्ध नेपालको बिग्रको मान्न सकिन्छ। यो दुवै देशका लागि हितकर होइन।

चीनको नाकावाट चीनियाँ ब्यापारीहरुले पठाउने सामानहरु भाउ बढाएर पठाउनु त्यो पनि कम पठाउनु, चीनसँग नाका जोडिएका क्षेत्रहरुवाट सामान नपठाएर भारतको बन्दरगाहबाट सामान पठाउनु, रुसले भारत र चीनलाई दिएको मूल्यमा तेल नेपालले महँगोमा किन्नुपर्ने बाध्यताले नेपाललाई अप्ठ्यारो परेको बिषयमा नबोल्नु जस्ता कारणहरु हेर्दा चीनको नेपाललाई हेर्ने दृष्टिकोणमा फरक देखिन थालेको छ। यसले नेपाल र चीनको सम्बन्ध खुम्चिएको भान हुन्छ। त्यसैले यसरी बिग्रदै गएको चीन र नेपालको सम्बन्ध दुवै देशले एक अर्कामा भएका कमी कमाजोरीको समिक्षा गरेर सम्बन्ध सुधार गर्नुपर्ने देखिन्छ।

शक्ति राष्ट्र अमेरिका र चीनको प्रतिष्पर्धामा नेपालले आफ्नो राष्ट्रिय स्वार्थलाई ध्यानमा राखेर शक्ति राष्ट्र दुवैलाई आफ्नो अप्ठ्यारो बुझाउन कुतनैतिक पहल गर्नुपर्छ। अमेरिका होस् वा चीन दुवैलाई लागेका शंकाहरु सत्य होइनन्। उनिहरुले अमेरिकालाई नेपालमो भुमिवाट चीन विरुद्ध काम गर्न नदिने र चीनलाई पनि अमेरिका बिरुद्ध नेपालवाट काम गर्न नदिने विश्वास गराउने गरी चनाखो भएर नेपालले यतिखेर काम गर्नुपर्ने देखिन्छ। यिनै बिषयमा आधारित भएर नेपाल चीनको बिग्रँदै गएको सम्बन्ध सुधार गर्नुको विकल्प छैन। सम्बन्धित निकायको ध्यान जाओस्।

## फोहोर......

**फोहोर कम गर्ने विकल्पहरु अपनाउनुपर्छ**

बिकसीत राष्ट्रहरुमा फोहोर व्यवस्थापनको लागि कुनै ठाउ छुट्याएर पलान्ट नै बनाएर पनि काम गरिरहेका उदाहरण देखिन्छन्। त्यस्तै काठमाडौ महानगरपालिकाको फोहोर प्रशोधन गर्ने टेकुमा रहेको फोहोर प्रशोधन केन्द्र खोलेर १० मेगावाट विद्युत निकाल्ने योजना गएको ५ बर्ष अगाडी नै सार्वजानिक भएको थियो। त्यो योजना काजगमा मात्र सिमित रहन पुगेको छ। त्यो योजना लागु गरेर फोहोर व्यवस्थापन गरी फोहोरलाई कम गर्ने बिकल्प हुनसक्छ।

अर्को काठमाडौ महानगरपालिका भित्र बसोबास गर्ने प्रत्येक घरका मानिसहरुले प्रत्येक दिन कुइने फोहोरलाई जम्मा गरेर कौशीमा गमालहरुमा प्रायोग गरी कौशी खेतीमा प्रायोग गर्न सकिन्छ र नकुहिने पलाष्टिक जन्य फोहोरलाई सफा गरेर पुनः प्रयोग गर्ने र बजारमा जादा घरवाट नै झोलाको व्यवस्थान गरेर फोहोर कम गर्न सकिने उपायहरु हुनसक्छन्। यो अर्को फोहोर व्यवस्थापन नहुनजेलसम्मको लागि यसरी फोहोर कम गर्ने तरिका हुन्।

फोहोर माथिको राजनीति

फोहोर डम्पिङ गर्दै आएको क्षेत्रका मध्यका टाठा बाठा स्थानीयहरुले बिभिन्न संघ/संस्था खोलेर महानगरपालिकासँग सम्झौता गरी अनेक बहानामा खाईपाई आएका थिए। जसमा ठुला भनिएका पार्टीका सक्रिय कार्यकर्ताहरुको बाहुल्य रहेको थियो। उनिहरुले पुनः नयाँ निर्वाचित जनप्रतिनिधिलाई विगतकै जस्तो गरी सजिलो बाटो अपनाएर महानगरपालिकावाट स्रोत हत्याउने चलनलाई प्रथामिकता दिन खोजेको सहजै देखिन्छ। भने अर्काथरी त्यहाका स्थानीय भनिएका ठेकदारहरुले उनिहरुले तोकेको दरभाउमा त्याहाको ढुङगा, गिट्टी, बालुवा किनीदिनु पर्ने जस्ता सर्तहरु आएको महानगर पालिकाले गएको हप्ता रोलर र ट्रक जलाएको घटनापछि सार्वजानिक भएको थियो। त्याहा प्राविधिक उपकरणमा भएको क्षति र महानगरपालिकाले जारी गरेको बिज्ञप्तिलाई आधार मान्दा पनि काठमाडौ महानगरको फोहोरमा राजनीति भएको सहजै अनुमान लगाउन सकिन्छ।

जनताको प्रत्यक्ष जीवनमा नै असर गर्ने फोहोर मथिको राजनीति सदाको लागि बन्द गरौ जिम्मेवार नागरिकको भूमिका निर्वाह गरौ।

## अन्तर ......

सम्पन्न भएको प्रतियोगितमा ९३ प्रतिस्पर्धीबाट १५ जनालाई अन्तिम प्रतिस्पर्धामा सहभागिता जनाएका थिए। देशभरीबाट भएको प्रतियोगितामा १५ जना बिद्यार्थीहरु सहभागी थिए। काठमाडौ युनिर्भसीटीका सन्दीप थापा द्वितिय, जया मल्टीपल कलेजका सुग्यानी बिक बिरेन्द्र तृतीय भएका थिए भने नेशनल कलेज धुम्बरीका सौगात वाग्ले, मेहेन्द्र मल्टीपल कलेजी छात्र बिनिता मुल्ली सतारले सान्त्वना पुरुस्कार प्राप्त गरेका थिए। वक्तृत्वकलाको निर्णायक मण्डलमा बबिता बस्नेत, धिरेन्द्र प्रेमर्षि, रमेश प्रसाई रहेका थिए।

प्रथम, द्वितिय र तृतिय हुनेले क्रमश नगद रु १५ हजार, १० हजार र ५ हजार सान्तना पुरुस्कारलाई २ हजार संगै पुस्तक र प्रमाणपत्र प्रदान गरीएको थियो। त्यस्तै प्रतियोगितामा सहभागि सबैलाई प्रमाणपत्र र पुस्तक दिइएको थियो। नेपाल नेत्रहिन युवा संघका अध्यक्ष कलानिधी भण्डारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको संञ्चालन नेत्रहिन युवा संघका महासचिब राम गैरेले सञ्चालन गरेका थिए।

## सम्पति.....

प्रा डा सोनु दुलाललगायतले अस्पतालका बारेमा राज्यमन्त्री श्रेष्ठलाई जानकारी गराएका थिए। रासस

## जनआकाश.....

आविष्कारक " सम्मान २०७९
११.सुशिला ढकालज्यु: "जनआकाश साहित्य सुसेली विधा" सम्मान २०७९
१२.रामकृष्ण थापा: "जनआकाश संगीतकार सम्मान" २०७९
१३.कुमार कार्की: जनआकाश लोक गायक सम्मान २०७९
१४.राजन महतरा क्षेत्री: जनआकाश युवा पत्रकारिता सम्मान २०७९
१५.प्रेम शर्मा पौडेल "जनआकाश भिडियो सम्पादन" सम्मान २०७९
१६.विनोद दनुवार जनआकाश गायक सम्मान २०७९
१७.रामप्रसाद भट्टराई जनआकाश यातायात व्यवासायी सम्मान २०७९
१८.दर्पण बल "जनआकाश गायक" सम्मान २०७९
१९.रामेश्वर सापकोटा "जनआकाश कम्युनिकेशन तथा ब्राण्डिङ" सम्मान २०७९
२०.अम्बिका बस्नेत गीतकार तथा समाजसेवी सम्मान २०७९

***रामेछाप जिल्लाका स्थानीय निकायहरुका नवनिर्वाचित स्थानीय प्रमुख र उपप्रमुखहरुलाई बधाई, शुभकामना तथा सम्मानित हुने जन प्रतिनिधिहरुको नामवाली***

- श्री लवश्री न्यौपानेज्यू मेयर रामेछाप नगरपालिका, रामेछाप।
- श्री लव श्रेष्ठज्यू मेयर मन्थली नगरपालिका, रामेछाप।
- श्री ईश्वरी बस्नेतज्यू उपमेयर मन्थली नगरपालिका, रामेछाप।
- श्री बालकुमारी कार्की (थापा)ज्यू उपमेयर रामेछाप नगरपालिका, रामेछाप।
- श्री ज्ञानकुमार श्रेष्ठज्यू अध्यक्ष खाडादेवी गाउँपालिका, रामेछाप।
- श्री केशव महतज्यू अध्यक्ष लिखु तामाकोशी गाउँपालिका ,रामेछाप।
- श्री काजी बहादुर खड्का (दिनेश) ज्यू अध्यक्ष गोकुलगंगा गाउँपालिका,रामेछाप।
- श्री मैन कुमार मोक्तानज्यू अध्यक्ष दोरम्बा सैलुङ गाउँपालिका, रामेछाप।
- श्री ठुलोकान्छा तामाङज्यू अध्यक्ष सुनापति गाउँपालिका, रामेछाप।
- श्री शेरबहादुर सुनुवारज्यू अध्यक्ष उमाकुण्ड गाउँपालिका, रामेछाप।
- श्री उषा कार्कीज्यू उपाध्यक्ष गोकुलगंगा गाउँपालिका,रामेछाप।
- श्री दीपा पाखिनज्यू उपाध्यक्ष लिखु तामाकोशी गाउँपालिका,रामेछाप।
- सावित्री सुनुवारज्यू उपाध्यक्ष उमाकुण्ड गाउँपालिका ,रामेछाप।
- श्री खमला थापा मगरज्यू उपाध्यक्ष दोरम्बा सैलुङ गाउँपालिका, रामेछाप।
- श्री गीता बिष्ट चौलागाईज्यू उपाध्यक्ष सुनापति गाउँपालिका, रामेछाप।
- श्री रमा घिसिङज्यू उपाध्यक्ष खाडादेवी गाउँपालिका, रामेछाप।

***जनआकाश साप्ताहिकको १५ औं बार्षिकोत्सवमा कदरपत्र प्राप्त गर्नुहुने संस्था/व्यक्तिहरुको नामवली***

गीत निर्माणका क्रममा सहयोग गर्ने संस्थाहरु
१.मात्रिका पौडेल प्रधान सम्पादक नेपाल प्रेस
२.प्रकाशबाबु पौडेल: अध्यक्ष रे टेलिभिजन
३.घनमाया श्रेष्ठ: नायब सुब्बा रामेछाप नगरपालिका,रामेछाप
४.रामचन्द्र भट्ट: अध्यक्ष: आरसी मोवाइल एण्ड वाच रिपायर सेन्टर कलंकी
५.दिपक शिवाकोटी: जनआकाश डटकमका सम्पादक
६.फोटो पत्रकार: बिजय जिरेल
७.रामचन्द्र वि.क.

***कदरपत्र प्राप्त गर्नुहुने कलाकारहरु***

८.लक्ष्मीनाथ तिमिल्सिना कलाकार
९.चिन्ता बहादुर कार्की कलाकार
१०.बिजेन्द्र नौवागे कलाकार
११.सित्तल के.सी. कलाकार
१२.उषा गजुरेल कलाकार
१३.मनु दाहाल कलाकार
१४.रमेश पाठक कलाकार
१५.सविता खड्का कलाकार
१६.आरीया ठकुरी कलाकार
१७.उद्धवलाल श्रेष्ठ कलाकार
१८.कल्पना कार्की कलाकार
१९.श्रुती कार्की कलाकार
२०.प्रतिक्षा राई कलाकार
२१.अपना श्रेष्ठ कलाकार
२२.बिष्णु कार्की कलाकार
२३.प्रतिषा तामाङ कलाकार
२४.कुमार अधिकारी वकिल/पत्रकार
२५.ब्रबिम बस्नेत सम्पादक जनआकाश साप्ताहिक
२६.यदु दवाडी: त्रिकोण एडभरटाईजिङ सर्विस
२७.म्याक्स मिडिया प्रा.लि
२९.लक्ष्मी बैक लि.
३०.बैंक अफ काठमाण्डू

# टेलिकमको आम्दानी चार वर्ष यताकै उच्च, एक वर्षकै कमाइ ४४ अर्ब ३२ करोड

काठमाडौं। सरकारी स्वामित्वको दूरसञ्चार कम्पनी नेपाल टेलिकमले एक वर्षमै ४४ अर्ब ३२ करोड तीन लाख रुपैयाँ आम्दानी गरेको छ। कम्पनीले गत आर्थिक वर्ष २०७८/७९ मा अघिल्लो आवको तुलनामा दुई अर्ब ११ करोड १४ लाख ५४ रुपैयाँले आम्दानी बढाएको हो। यो आम्दानी पछिल्लो चार वर्षयताकै उच्च हो। कम्पनीले आर्थिक वर्ष २०७४/०७५ मा ४५ अर्ब २७ करोड आम्दानी गरेको टेलिकमले त्यसपछि २०७७/७८ सम्म क्रमश: ४३ अर्ब ४८ करोड रुपैयाँ, ४१ अर्ब ४९ करोड रुपैयाँ र ४२ अर्ब २१ करोड रुपैयाँ आम्दानी गरेको थियो। पछिल्लो एक वर्षमा टेलिकमले आफ्नो आम्दानी पाँच प्रतिशतले बढाएको हो। टेलिकमले कार्य सञ्चालन आयतर्फ फोरजी भ्वाइस र डेटाबाट हुने आम्दानी तीन अर्ब रुपैयाँले वृद्धि गरेको छ।

कम्पनीले सार्वजनिक गरेको आर्थिक वर्ष २०७८/०७९ को वित्तीय प्रतिवेदनमा जीएसएम भ्वाइसतर्फ दुई अर्ब ५५ करोड रुपैयाँ र जीएसएम डेटातर्फ ५० करोड रुपैयाँले आम्दानी वृद्धि भएको उल्लेख छ। फोरजी सेवाको विस्तारले गर्दा जीएसएमतर्फ भ्वाइस र डेटामा आम्दानी वृद्धि देखिएको कम्पनीले जनाएको छ। तर कार्यसञ्चालन तर्फकै घरेलु अन्तर आवद्धतामा भने ७० करोड रुपैयाँ गिरावट देखिएको छ, जसमा अन्तर आवद्धता ट्यारिफमा आएको कमी र ओटीटी सेवाको बढ्दो प्रयोगलाई जिम्मेवार ठहऱ्याइएको छ।

त्यस्तै र सीडीएम सेवालाई जीएसएम सेवामा प्रतिस्थापन गरिएका कारण त्यसबाट हुने आम्दानी समेत १२ करोड रुपैयाँले कमी आएको छ।

झण्डै दुई अर्बले बढ्यो कूल सञ्चालन आय

कम्पनीको भर्खरै सार्वजनिक भएको २०७९ असार मसान्तसम्मको कूल सञ्चालन आय एक अर्ब ९५ करोड ४२ लाख ७५ हजार (अर्थात ५.४४ प्रतिशत) ले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षमा ३५ अर्ब ९३ करोड ५६ लाख ८३ हजार रहेको यस्तो आय पछिल्लो आवमा बढेर. ३७ अर्ब ८८ करोड ९९ लाख ५८ हजार रुपैयाँ पुगेको हो।

खुद मुनाफा सवा अर्ब

त्यस्तै टेलिकमको गत आवको असार मसान्तसम्मको खुद मुनाफा एक अर्ब २५ करोड ६ लाख ४७ हजारले वृद्धि भएर आठ अर्ब ३८ करोड ८८ हजार रुपैयाँ पुगेको छ। जब कि अघिल्लो आर्थिक वर्ष २०७७/७९ मा कम्पनीको खुद मुनाफा सात अर्ब १२ करोड ९४ लाख ४१ हजार रहेको थियो। त्यस बाहेक कम्पनीले गैर कार्य सञ्चालन तर्फको आयमा समेत वृद्धि गरेको छ। जसअनुसार बैंक ब्याजदरमा भएको परिवर्तनका कारण ब्याज आम्दानी करिब ७७ करोडले वृद्धि भएको छ। त्यस्तै विदेशी विनिमय दरमा भएको परिवर्तनका कारण कम्पनीलाई करिब ३७ करोड रुपैयाँ विदेशी मुद्रा आर्जन भएको छ।

# अन्तराष्ट्रिय समाचार

## भारतको उपराष्ट्रपतिमा जगदीप धनखड निर्वाचित

जगदीप धनखड भारतको उपराष्ट्रपतिमा निर्वाचित भएका छन्। उनलाई भारतीय जनता पार्टी (भाजपा)को नेतृत्वमा रहेको सत्तारुढ गठबन्धनले उम्मेदवार बनाएको थियो। धनखडले कुल खसेको मतमा ५ सय २८ प्राप्त गरेको भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन्। विपक्षी दलको उम्मेदवार मार्गरेट अल्वाले १ सय ८२ भन्दा कम मत प्राप्त गरेकी छन्। 'एनडीएका उम्मेदवार जगदीप धनखडले ३ सय ४६ मतान्तरले चुनाव जितेका छन्। उनले खसेको ७ सय २५ मतमध्ये ५ सय २८ प्राप्त गरेका छन्। जबकी १५ मत रद्द भएको छ। विपक्षी दलको उम्मेदवार मार्गरेट अल्वाले १ सय ८२ मत प्राप्त गरेकी छिन्,' चुनावी परिणामको घोषणा गर्दै लोकसभाका महासचिव उत्पल सिंहले भने। भारतका उपराष्ट्रपति माथिल्लो सदन राज्यसभाको अध्यक्ष हुने व्यवस्था छ। धनखडले अगस्ट १० मा वेङ्कैया नायडुको कार्यकाल समाप्त भएपछि जिम्मेवारी सम्हाल्नेछन्। यसअघि उनी पश्चिम बंगालको राज्यपाल रहेका थिए। जुलाई महिनामा भएको राष्ट्रपति चुनावमा भाजपाकी उम्मेदवार द्रौपदी मूर्मु राष्ट्रपतिमा निर्वाचित भएकी थिइन्।

## प्यालेस्टाइनमाथि आक्रमण, २४ को मृत्यु

इजरायलले प्यालेस्टाइनको गाजापट्टीमा गरेको हवाई आक्रमणमा परि ज्यान गुमाउनेको सङ्ख्या २४ पुगेको छ। घटनामा दुई सयभन्दा धेरै घाइते भएका छन्। ज्यान गुमाउनेमा ६ जना बालबालिका छन्। शुक्रवार इजरायलले प्यालेस्टाइनी इस्लामिक सङ्गठन (पीआईजे) विरुद्ध सैन्य कारबाही सुरु गरेको थियो। हिजो दोस्रो दिन पनि आक्रमणका घटना भएका छन्। हवाई आक्रमणमा पीआईजेका नेता तैसिर जबारीको ज्यान गएको इजरायलले दाबी गरेको छ। आक्रमणका कारण गाजापट्टीमा उपचार सेवा पनि प्रभावित भएको छ। प्यालेस्टाइनी स्वास्थ्य मन्त्रालयका प्रवक्ता आश्राफ अल(किद्राले घाइतेहरूका लागि आकस्मिक सेवा सुनिश्चित गर्न सबै अस्पतालमा बहिरङ्ग सेवा र निर्धारित केही शल्यक्रिया समेतलाई रोकिएको जानकारी दिएका बीबीसीले जनाएको छ। यो इजरायल र प्यालेस्टाइनबीच एक वर्षभन्दा केही बढी समयमा भड्किएको सबैभन्दा गम्भीर घटना हो। सन् २०२१ को मे महिनामा भएको ११ दिने युद्धमा दुई सय प्यालेस्टिनी र केही इजरायली नागरिकको ज्यान गएको थियो। पछि सम्झौता गरेर युद्ध रोकिएको थियो। इजरायली सेनाले यो पछिल्लो कारबाही एक हप्तासम्म चल्न सक्ने चेतावनी दिएको छ। इजरायलका प्रधानमन्त्रीले पीआईजेबाट जोखिम देखिएपछि कारबाही थालिएको बताउनुभएको छ।

## क्रोएशियामा पर्यटक बस दुर्घटना हुँदा १२ पर्यटकको मृत्यु

क्रोएशियामा पर्यटक बोकेको बस दुर्घटना हुँदा १२ जनाको ज्यान गएको छ। ३१ जना घाइते भएका छन्। पोल्याण्डबाट घुम्न गएका पर्यटक बोकेको बस क्रोएशियाको जरेक विसास्की नजिकै सडकबाट खसेको बीबीसीले जनाएको छ। घाइते भएकामध्ये केहीको गम्भीर अवस्थामा उपचार चलिरहेको छ। ज्यान गुमाउने सबै पोल्याण्डका वयस्क नागरिक रहेका खबरमा उल्लेख छ। उनीहरु बोस्नियाको क्याथोलिक तीर्थस्थल मेदजुगोर्जे जाँदै थिए। क्रोएशियाका प्रधानमन्त्री डाभोर बोज्निनोभिकले ज्यान गुमाएकाहरुलाई श्रद्धाञ्जली दिँदै घाइतेहरुको ज्यान बचाउन हरसम्भव कोसिस गर्ने बताउनुभएको छ। घटनापछि पोल्याण्डका २ जना मन्त्री क्रोएशिया जान लागेका खबरमा उल्लेख छ।

## चिनियाँ सेनाद्वारा ताइवानको सिमानामा क्षेप्यास्त्र प्रहार

चीनले ताइवानको सीमा क्षेत्रमा क्षेप्यास्त्र प्रहार गरेको छ। बिहीबार चिनियाँ सेनाले उत्तरपूर्वी र दक्षिणपश्चिमी ताइवान नजिकैको समुद्रमा थुप्रै क्षेप्यास्त्रहरू प्रहार गरेको ताइवानको रक्षा मन्त्रालयले जनाएको छ। अमेरिकी सभामुख न्यान्सी पेलोसीले ताइवान भ्रमण गरेसँगै आक्रामक बनेको चीनले केही दिनयता ताइवानको सीमा क्षेत्र सैन्य अभ्यास गर्दै आएको छ। बिहीबार चीनले गरेको सैन्य अभ्यासलाई अहिलेसम्मकै ठूलो अभ्यास भनिएको छ। यसअघि पनि चिनियाँ सेनाको ताइवानको समुद्री क्षेत्रमा 'लाइभ फायर' को अभ्यास गरिरहेको चिनियाँ टेलिभिजन सीसीटीभीले जनाएको छ। बिहीबार बिहान भने चीनले ताइवानको हवाइ र समुद्री मार्गमा नै असर पर्ने गरी अभ्यास सैन्य अभ्यास गरेको हो। अमेरिकी सभामुख पेलोसीको ताइवान भ्रमणलाई लिएर चीनले आपत्ति जनाउँदै आएको छ। पेलोसी ताइपेइमा अवतरण गरेसँगै उसले अमेरिकाले एक चीन नीतिको गम्भीर रुपमा उल्लंघन गरेको भन्दै दुई देशबीच सम्बन्धमा यसको असर पर्ने चेतावनी दिएको थियो। ताइवानले भने चीनको चेतावनीका बावजुद पेलोसीलाई भव्य रुपमा स्वागत गरेको थियो। साथै ताइवानले चिनियाँ प्रतिक्रियाको खण्डन पनि गरेको थियो। ताइवानका अधिकारीहरूका अनुसार पेलोसीको भ्रमणसँगै चीनले २० भन्दा बढी लडाकु विमानहरू ताइवान क्षेत्रमा प्रवेश गरेको छ। बिहीबार चिनियाँ सेनाले गरेको मिसाइल प्रहारलाई ताइवानको रक्षा मन्त्रालयले 'तर्कहीन कार्य' भएको संज्ञा दिएको छ।

## इरानमा बाढीले मृत्यु हुनेको संख्या ७६ पुग्यो

इरानमा बाढी पहिरोमा परि मृत्यु हुनेको संख्या ७६ पुगेको छ। सरकारी अधिकारीहरूले देशका विभिन्न स्थानमा आएको बाढी पहिरोमा परी ७६ जनाले ज्यान गुमाएका र अन्य केही हराइरहेका मंगलबार जनाएका हुन। इरानको राष्टि्रय प्रकोप व्यवस्थापन निकायका प्रमुख मोहम्मद हसन नामीले बाढी पहिरोमा परेर बेपत्ता भएका १६ जना अझै हराइरहेका जनाए। बेपत्ता भएकाहरूको अझै पनि खोजी कार्य जारी रहेको र त्यसका लागि उद्धारकर्ता, सुरक्षाकर्मी खटाइएको उनले बताए। इरानमा यही जुलाई २३ देखि भारी वर्षा भएको र वर्षाका कारण बाढी पहिरो आएकोले ठूलो क्षति भएको अधिकारीहरूले बताएका छन।

## प्यालेस्टिनी इस्लामिक समूहमाथि इजरायलको आक्रमण

जेरुसेलम। इजरायलली सुरक्षा फौजले गाजा स्टिूपका विभिन्न क्षेत्रमा गरेको हवाई आक्रमणमा कम्तीमा २४ जना प्यालेस्टिनी मारिएका छन्। ज्यान गुमाउनेमा ५ वर्षीय बालक र प्यालेस्टिनी इस्लामिक जिहाद (पीआईजे) नेता तैसीर जबारीसहित ४ जना पीआईजेका लडाकुसमेत छन्। इजरायलले अधिनस्थ वेस्ट बैंकमा छापा मारेर पीआईजे समूहका १९ जना सदस्यलाई पक्राउ गरेको दाबी गरेको छ। स्थानीय स्वास्थ्य अधिकारीहरूले अन्य ५५ जना मानिसहरू घाइते भएको जनाएका छन्।





# गर्मीको समयमा खाना खाँदा ध्यान दिऔं ।

- बासी र सडेगलेका खानेकुराहरू नखाऔं ।
- पाकेको खाना मात्र खाऔं ।
- झिङ्गा र भसना भन्किन नदिऔं । खानेकुरा छोपेर राखौं ।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
- सकेसम्म खुलारुपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**









**जनआकाश मिडिया प्रा.लि.का लागि:** प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
**प्रधान कार्यालय,** बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, **मुद्रण:** सुप्रिम प्रिन्टिङ्ग प्रेस